# अध्याय एक

# अध्ययन परिचय

## १.१ अध्ययनको शीर्षक

प्रस्तुत अध्ययनको शीर्षक "मिर्मी क्षेत्रका लोकगीतको अध्ययन" रहेको छ ।

## १.२ अध्ययनको प्रयोजन

प्रस्तुत अध्यनपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिशास्त्र सङ्काय अन्तर्गत नेपाली विभाग, स्नातकोत्तर तह, दोस्रो वर्षको दसौँ पत्रको आंशिक परिपूर्तिका लागि तयार पारिएको हो ।

## १.३ समस्याकथन

मिर्मी क्षेत्र स्याङ्जा जिल्लाको पश्चिम भेकमा पर्दछ । स्याङ्जा जिल्ला लोकगीतका क्षेत्रमा समृद्ध छ, तर पनि स्याङ्जा जिल्लाको यस क्षेत्रका लोकगीतमा केन्द्रित भएर अहिलेसम्म कुनै पनि अध्ययन भएको पाइँदैन । यो नै यस अध्यनको प्रमुख समस्या हो । यस मूल समस्याका केन्द्रमा निम्नलिखित प्राज्ञिक प्रश्नहरू रहेका छन् :

(क) मिर्मी क्षेत्रमा केकस्ता नेपाली लोकगीतहरू प्रचलित छन् ?

(ख) मिर्मी क्षेत्रमा प्रचलित नेपाली लोकगीतमा पाइने मूलभूत विशेषता के हुन् ?

(ग) नेपाली लोकगीतको भण्डारमा मिर्मी क्षेत्रका लोकगीतले केकस्तो योगदान पुऱ्याएका छन् ?

## १.४ अध्ययनको उद्देश्य

प्रस्तुत अध्ययनका निम्नलिखित उद्देश्य रहेका छन् :

(क) मिर्मी क्षेत्रमा प्रचलित नेपाली लोकगीतहरूको खोजी गर्नु ।

(ख) मिर्मी क्षेत्रका लोकगीतका मूलभूत विशेषताहरूको पहिचान गर्नु ।

(ग) मिर्मी क्षेत्रमा प्रचलित नेपाली लोकगीतहरूले नेपाली लोकगीतका भण्डारमा पुऱ्याएको योगदानको निरूपण गर्नु ।

## १.५ पूर्वकार्यको समीक्षा

नेपाली लोकगीत नेपालीमात्रको अमूर्त र सांस्कृतिक सम्पदा हो । लोकसाहित्यको सम्पन्न र समृद्ध परम्पराको संवाहक रहेको नेपाली लोकसमुदाय परम्परादेखि नै लोकगीतको रचना गरी त्यसमै चुर्लुम्म डुब्दै र रमाउँदै आएको छ । नेपाली जातिको उदयसँगै नेपाली लोकगीतको पनि उदय भएको हो (लामिछाने,२०६८:३७) । नेपाली लोकगीतको फाँट निकै समृद्ध छ र यसलाई समृद्ध तुल्याउने काम स्याङ्जाका लोकगायकले पनि गरिआएका छन् । विद्वान्हरूले विभिन्न समय र सन्दर्भमा नेपाली लोकगीतको शोधखोज वा अध्ययन-अनुसन्धान गरिआएका छन् । लोकगीतका क्षेत्रमा स्याङ्जा जिल्ला अत्यन्तै उर्वर भूमिका रूपमा देखापरेको भए पनि यस क्षेत्रको चर्चा अन्य क्षेत्रका तुलनामा कमै भएको पाइन्छ । राष्ट्रिय क्षेत्रमा लोकगीतको उत्थानमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको यस क्षेत्रको अध्ययन अनुसन्धानमा भएका पूर्वकार्य निम्नअनुसार रहेका छन् :

धर्मराज थापाको **हाम्रो लोकगीत** (२०२०) नेपाली लोकगीतको अध्ययनका दृष्टिले महत्वपूर्ण कृति मानिन्छ । यसमा नेपालका चौधै अञ्चलका लोकगीतको सङ्कलन, अध्ययन र प्रस्तुतिका साथै लोकसङ्गीत र लोकसंस्कृतिका विविध पक्षमाथि प्रकाश पारिएको छ । यसमा चौधै अञ्चलका लोकगीतलाई पृथक्-पृथक् रूपमा प्रस्तुत गरिएको छ । यहाँ कर्खा, आरती, भजन, माँगल, चुड्का, आँधीखोले, सालैजो, बालन, सोरठी, रोइला, गाइने गीत, भैली गीत, दुरा भाका, बाह्रमासे भाका, सुनिमाया भाका, नानीरलै भाका, लालुमै भाका, साइँला दाइ भाका, है गोरी भाका, चरी भरर भाका, साइँलो भाका, ठाडी भाका, यानिमाया, झाम्रे, नचरी, सोरठी, असारे (वाली), सालैजो, तिजेगीत, चुड्का दोहोरी र कालीपारे भाका आदिको चर्चा भएको छ (लामिछाने,२०६८:४४)। यस क्रममा यहाँ स्याङ्जाका लोकगीत परेका भए पनि मिर्मी क्षेत्रका लोकगीत पर्न सकेका छैनन् ।

कालीभक्त पन्तको **हाम्रो सांस्कृतिक इतिहास** (२०२८) मा राष्ट्रिय संस्कृतिको आवश्यकतामाथि प्रकाश पार्दै हाम्रो राष्ट्रियता, लोकगीत, हाम्रो भाषा आदिको प्रारम्भिक स्थितिलाई औंल्याएर नेपाली लोकगीतका बारेमा विस्तृत चर्चा गरिएको छ (लामिछाने, २०६८:४६)। नेपाली लोकगीतको अध्ययनको इतिहासमा यसको उल्लेख्य योगदान भए पनि यसमा स्याङ्जाको मिर्मी क्षेत्रका लोकगीतको अध्ययन भएको छैन ।

धर्मराज थापाको **गण्डकीका सुसेली** (२०३०) मा स्याङ्जा जिल्लामा प्रचलित विभिन्न लोकगीतको चर्चा भएको छ, तापनि यसमा मिर्मी क्षेत्रका लोकगीतको चर्चा र अध्ययन भएको पाइँदैन ।

दामोदर पन्तले "नेपाली लोकगीतको सम्बर्द्धनमा धर्मराज थापाको योगदान" शीर्षकमा त्रि.वि., कीर्तिपुर नेपाली विभागमा प्रस्तुत स्नातकोत्तर शोधपत्र (२०३८) मा धर्मराज थापाको **गण्डकीका सुसेली**को समीक्षा गर्दा स्याङ्जाली लोकगीतका बारेमा समेत सामान्य चर्चा गरेका छन् । यसमा मिर्मी क्षेत्रका लोकगीतको चर्चा र अध्ययन भने भएको छैन ।

नारायणप्रसाद अधिकारीको "स्याङ्जाली लोकगीतको अध्ययन (ज्याग्दी खोलामा केन्द्रित)" शीर्षकमा त्रि.वि., कीर्तिपुरमा नेपाली विभागमा प्रस्तुत स्नातकोत्तर शोधपत्र (२०४३) मा स्याङ्जाली लोकगीतको सामान्य चर्चा गरिएको छ । यसमा मिर्मी क्षेत्रका लोकगीतको चर्चा र अध्ययन भएको देखिँदैन ।

केशरजंग बराल मगरको **पाल्पा, तनहुँ र स्याङ्जाका मगरहरूको संस्कृति** (२०५०) मा पाल्पा, तनहुँ र स्याङ्जाका मगर जातिको संस्कृतिको चर्चा गर्ने क्रममा त्यसत्यस ठाउँका मगर समुदायमा प्रचलित सोरठी, घाटु, कौरा, यौनाच, जिवैमामा जस्ता लोकनृत्य र गीत आदिको उल्लेख गरिएको छ (लामिछाने, २०६८:५०)। नेपाली लोकगीतको अध्ययनको इतिहासमा यसको उल्लेख्य स्थान भए पनि यसमा स्याङ्जाको मिर्मी क्षेत्रका नेपाली लोकगीतको अध्ययन भएको छैन ।

देवीप्रसाद वनवासीले **आँधीखोले लोकसंस्कृति** (२०५५) मा स्याङ्जा जिल्लामा प्रचलित विभिन्न लोकगीतको चर्चा गरेका भए पनि यसमा मिर्मी क्षेत्रका लोकगीतको चर्चा र अध्ययन भएको पाइँदैन ।

विश्वप्रेम अधिकारीको **आँधीखोले लोकसंस्कृति र लोकगीत** (२०५७) मा स्याङ्जाली लोकगीतको सामान्य चर्चा छ । यसमा मिर्मी क्षेत्रका लोकगीतको चर्चा र अध्ययन भएको पाइँदैन ।

विश्वप्रेम अधिकारीकै **पश्चिमाञ्चलका लोकगीत र परम्परा** (२०५८)मा स्याङ्जामा प्रचलित लोकगीतको बारेमा सामान्य चर्चा भए पनि यसमा मिर्मी क्षेत्रका लोकगीतको अध्ययन भएको पाइँदैन ।

जीवलाल बस्यालको **पश्चिमाञ्चलका नेपाली लोकगीतको अध्ययन र विश्लेषण** (२०५८) मा पश्चिमाञ्चलमा प्रचलित लोकगीत र लोकभाकाको चर्चा गरिएको छ (लामिछाने, २०६८:५३)। यसमा सङ्कलित लोकगीतको स्रोतक्षेत्र म्याग्दीको बेनी, स्याङ्जाको कोटाकोट र पाल्पाको मदनपोखरा रहेको भए पनि यसमा मिर्मी क्षेत्रका लोकगीतको अध्ययन भएको पाइँदैन ।

विश्वप्रेम अधिकारीले 'बारुले गीतको भाका र यसको पृष्ठभूमि' शीर्षकको लेख (**सगुन** त्रैमासिक, वर्ष १, अङ्क २, २०५९, पृ. ...) मा स्याङ्जा जिल्लामा प्रचलित बारुले भाकाको गीतको बारेमा चर्चा गरेका छन् । यसमा मिर्मी क्षेत्रका लोकगीतको अध्ययन भएको पाइँदैन ।

यसरी स्याङ्जा जिल्लाका लोकगीतका क्षेत्रमा केही महत्वपूर्ण कार्य भएका छन्, तर स्याङ्जा जिल्लाकै प्रसिद्ध मिर्मी क्षेत्रका लोकगीतको चर्चा र अध्ययन भएको पाइँदैन । फेरि पनि स्याङ्जा जिल्लालाई आधार बनाएर यस अघि भएका यी पूर्वकार्यहरूले यस अध्ययनमा केही सहयोग लिइएको छ ।

### १.६ अध्ययनको औचित्य

स्याङ्जाका लोकगीतका सम्बन्धमा विभिन्न विद्वान्हरूले समय-समयमा केही अध्ययन तथा चर्चा गरेका भए पनि मिर्मी क्षेत्रका लोकगीतको अध्ययन भने हुन सकेको देखिँदैन । यस्तो अवस्थामा प्रस्तुत अध्ययनको औचित्य र महत्त्व देखिन आउँछ ।

### १.७ अध्ययनको सीमाङ्कन

स्याङ्जा जिल्लाका पश्चिमी भेकमा पर्ने मिर्मी क्षेत्रमा प्रचलित लोकगीतको अध्ययनमा प्रस्तुत अध्ययन सीमित रहेको छ ।

### १.८ सामग्री सङ्कलन विधि

प्रस्तुत अध्यनकार्यका लागि आवश्यक सामग्रीको सङ्कलन लोकगीतको मुख्य स्थल स्याङ्जाको मिर्मी क्षेत्रका विभिन्न स्थानको स्थलगत भ्रमण गरी लोकगीतका केही स्रष्टा र गायकहरूलाई भेटी त्यहाँ प्रचलित लोकगीतको सङ्कलन गरिएको छ भने सो क्षेत्रका लोकगायकका यस अघि रेकर्ड भएका केही लोकगीतलाई पनि अध्ययनको सामग्री बनाइएको छ ।

### १.९ अध्ययन विधि

प्रस्तुत अध्ययन गर्दा संकलित सामग्रीको वर्णनात्मक विधिबाट अध्ययन विश्लेषण गरिएको छ ।

### १.१० अध्ययनपत्रको रूपरेखा

प्रस्तुत अध्ययनपत्रलाई निम्नलिखित पाँच अध्यायमा विभाजन गरिएको छ :

अध्याय एक : अध्ययनको परिचय

अध्याय दुई : मिर्मी क्षेत्रको सामान्य चिनारी

अध्याय तीन : लोकगीतको सैद्धान्तिक परिचय

अध्याय चार : मिर्मी क्षेत्रमा प्रचलित नेपाली लोकगीतको अध्ययन

अध्याय पाँच : अध्ययनको निष्कर्ष

सन्दर्भ-सामग्री सूची

उपर्युक्त अध्यायहरूलाई आवश्यकताअनुसार विभिन्न शीर्षक-उपशीर्षकहरूमा विभाजन गरी अध्ययन गरिएको छ ।

# अध्याय दुई

# मिर्मी क्षेत्रको चिनारी

## २.१ भौगोलिक परिचय

मिर्मी स्याङ्जामा पर्दछ । नेपालका पाँच विकास क्षेत्रमध्ये पश्चिमाञ्चल विकास क्षेत्रको गण्डकी अञ्चल अन्तर्गत पर्ने छवटा जिल्लाहरूमध्ये स्याङ्जा गण्डकी अञ्चलको दक्षिण-पश्चिमी भूभाग ओगटेर रहेको छ । मध्यमा उचाइका घुमाउरा लहरेदार पर्वतश्रेणी, तिनलाई छिचोल्दै विभिन्न दिशामा बग्ने साना-ठूला नदी, खोला र तिनबाट निर्मित फाँट-बेसीहरूको संयोगले बनेको स्याङ्जा २७° ५२' देखि २८$^0$ १३' उत्तरी अक्षांश र ८३° २७' देखि ८४° ४६' पूर्वी देशान्तरका बीचमा अवस्थित छ (मेचीदेखि महाकालीसम्म, २०३१:३७३)।

पूर्वमा तनहुँ, पश्चिममा गुल्मी, पाल्पा, उत्तरमा पर्वत र कास्की तथा दक्षिणमा पाल्पा (काली गण्डकी) का बीचमा अवस्थित स्याङ्जा जिल्ला समुद्री सतहबाट २६६ मिटरदेखि २५१२ मिटरसम्मको उचाइमा रहेको छ र यस जिल्लाको क्षेत्रफल ११६४ वर्ग कि.मी. रहेको छ । जिल्लाको आधाभन्दा बढी भूभाग पहाडी छ र बाँकी बेसी भागमा दक्षिण-पश्चिमी सीमान्त क्षेत्रमा पर्ने काली गण्डकीका किनारवर्ती फाँटहरूमध्ये भागमा पर्ने आँधी किनारका फाँटहरू, दक्षिणमा पर्ने ज्याग्दीका बेसीहरू, उत्तरमा फुस्रे र सुरौंदी खोलाका उर्वर फाँटहरू पर्दछन् । यस जिल्लामा ऊष्ण, समशीतोष्ण र शीतोष्ण जलवायु पाइन्छ । अधिकतम तापक्रम २८.३०° से. र न्यूनतम तापक्रम ९.५०° से. का बीचमा रहेको पाइन्छ भने वर्षा २,६६५ मि.मी. (औसत वार्षिक) सम्म परेको पाइन्छ । जिल्लामा हाल ६० गा.वि.स. र दुईवटा नगरपालिका रहेका छन् (मेचीदेखि महाकालीसम्म, २०३१:३७३-३७४)।

स्याङ्जा कालीगण्डकीद्वारा वेस्टित एक मनोरम वातावरणयुक्त जिल्ला हो । यसको पूर्वमा तनहुँ, दक्षिणमा पाल्पा, पश्चिममा गुल्मी र उत्तरमा पर्वत जिल्ला रहेका छन् । पञ्चायती कालामा १०७ गाउँ पञ्चायत रहेको यस जिल्लालाई २०३८ सालमा ८७ मा झारियो । २०४६ को जनआन्दोलनपछि प्राप्त प्रजातन्त्रको पुनस्थापना पश्चात् २०५५ सालमा ६० गा.वि.स. र दुईवटा नगरपालिकामा विभाजन गरियो । स्याङ्जा जिल्लालाई प्राकृतिक रूपमा पनि विभाजन गरिएको छ, जसअन्तर्गत यो क्षेत्र गण्डकी बेसी क्षेत्रमा र केही भाग आँधीखोला क्षेत्रमा पर्दछ (अधिकारी,२०४३:४) ।

धेरैजसो बाहुन, मगर, गुरुङ, क्षेत्री, कामी, दमाई आदिको बसोबास भएको यस क्षेत्र अत्यन्त उर्वर एवम् हरभरा रहेको छ । यस क्षेत्रमा कालीगण्डकी 'ए' विद्युत् परियोजना आएपछि यहाँका मानिसहरूको जीवनस्तरमा ठूलो परिवर्तन आएको पाइन्छ । यहाँका युवाहरू ब्रिटिस तथा भारतीय सेनामा कार्यरत हुन्छ भने केही युवाहरू विदेशी भूमिमा आफ्नो श्रम पोखिरहेका छन् । विदेशमा बस्ने आफ्ना छोरा र श्रीमान्को विरहमा यहाँका नारीहरूले गाउने लोकगीत अत्यन्त मार्मिक लाग्दछन् । मिर्मी स्याङ्जा जिल्लाको पश्चिमी क्षेत्रमा पर्दछ ।

## २.२ स्याङ्जा जिल्लाको ऐतिहासिक पृष्ठभूमि

नेपालका शाह वंशीय राजाका पुर्खा जैन खानले यसै क्षेत्रको वैघाको लसघा भन्ने ठाउमा राज्य खडा गरे र पछि यो ठाउ साघुरो ठानी १५०१ म आधीखोलाको दायाँ किनारको खिलुङमा भीरकोटको राज्य खडा गरे । जैन खानका छोरा सूर्य खान भीरकोटका प्रथम राजा भए । यहाँ यिनको वंशले १३ पुस्तासम्म राज्य गरे । सूर्य खानकै पालामा भीरकोटका अतिरिक्त सतौँ, गह्रौँ र नुवाकोट यी तीन राज्यको निर्माण भइसकेको थियो । यिनका दुई भाइ छोरामध्ये जेठा खान्चाखान (हरिहर सिंह) ले सतौँ र गह्रौँ दुई राज्य लिए, जहाँ यिनका सन्तानले १०, ११ पुस्तासम्म राज्य गरे । कान्छा मिचा खान (अजय सिंह) ले नुवाकोट लिए, जहाँ यिनका जेठा छोरा मिया खानका अर्का छोरा विचित्र खान कास्कीका राजा भए । विचित्र खानका छोरा यशोब्रह्म शाह लमजुङका राजा बनाइए । यशोब्रह्म शाहका माहिला छोरा द्रव्य शाह गोरखाका राजा बन्न पुगे र उनैका वंशमा पृथ्वीनारायण शाहको जन्म भएको हो (मेचीदेखि महाकालीसम्म, २०३१:३८५)।

यसरी जैन खानका एकथरी वंशधरले स्याङ्जा इलाकामा चार राज्यहरू (भीरकोट, सतौँ, गह्रौ र नुवाकोट) खडा गरेर करिब २८४ वर्षसम्म अर्थात् ई.सं. १७८५ सम्म राज्य गरे भने अर्काथरी वंशधर गोरखामा जन्मिने पृथ्वीनारायण शाहले छरिएर रहेका स-साना राज्यहरूलाई मिलाएर एउटै विशाल राज्य खडा गर्ने महत्वाकाङ्क्षा लिएर एकीकरण अभियान चलाए । त्यसै एकीकरण अभियानको सन्दर्भमा उनको देहान्तपछि उनका नाति रणबहादुर शाहको पालामा, राजेन्द्र लक्ष्मीको नायबी काल ई.सं. १७८५ मा स्याङ्जा इलाकाका उपर्युक्त चारै राज्यहरू विशाल नेपालमा गाभिन आए । ई.सं. १८९५ मा वीर शमसेरका पालामा नेपालको सम्पूर्ण पहाडी भागलाई २३ इलाकामा बाँडियो, जस अनुसार भिरकोट, सतौँ, गह्रौ, नुवाकोट, पैयौँ र पर्वत मिलेर बनेको स्याङ्जा पश्चिम ४ नम्बर इलाका बन्न पुग्यो । वि.सं. २०१८ साल बैशाख १ गते श्री ५ महेन्द्रका पालामा नेपाललाई १४ अञ्चल र ७५ जिल्लाहरूमा विभक्त गरिँदा पर्वत र पैयुँको छुट्टै पर्वत जिल्ला बन्यो र

बाँकी भीरकोट, सतौं, गह्रौ र नुवाकोटलाई स्याङ्जा जिल्लामा राखियो (मेचीदेखि महाकालीसम्म, भाग ३, २०३१:३८७)। स्याङ्जासित मिर्मीको पनि सम्बन्ध छ ।

## २.३ स्याङ्जाको नामकरण

गण्डकी प्रदेशभित्र पर्ने स्याङ्जा क्षेत्र, बाईसे, चौबीसे राज्य स्थापना हुनुअघि मध्ये-मगराँत प्रदेश अन्तर्गत पर्दथ्यो । मगर जातिका विभिन्न थरहरूमध्ये सिंजाली एक प्रमुख थर हो । तिनै सिंजाली थरका मगरहरू अघि यस क्षेत्रमा वस्तथे । सिंजालीहरूको बस्तीलाई सिंजा भनिन्थ्यो । त्यही सिंजा शब्दको ध्वनि परिवर्तन हुँदै कालान्तरमा सिंजा-सियान्जा-स्यान्जा-स्याङ्जा हुन पुगेको हो भन्ने बलियो जनश्रुति छ । यसलाई पुष्टि गर्ने अर्को एउटा आधार छ त्यो के भने यस क्षेत्रका गाउं-ठाउँ, खोला-नाला, डाँडा-काँडाको नामकरण प्रायः मगरी भाषामा भएको पाइन्छ । उदाहरणका लागि खोलाका नाउँहरूमा आँडी-आँदी, ज्याँदी-ज्याग्दी, डराँदी-दरौँदी, लुङदी-लुग्दी आदि नाउँका अगाडिको 'डी' शब्दले पानी बुझाउँछ । यी प्रमाणहरूको आधारमा यो क्षेत्रमा अघि मगरहरूको बसोबास रहेछ भन्ने कुरा सजिलै अड्कल गर्न सकिन्छ ।

## २.४ मिर्मी क्षेत्रको परिचय

स्याङ्जा कालीगण्डकीद्वारा वेस्टित एक मनोरम वातावरणयुक्त जिल्ला हो । यसको पूर्वमा तनहुँ, दक्षिणमा पाल्पा, पश्चिममा गुल्मी र उत्तरमा पर्वत जिल्ला रहेका छन् । पञ्चायती कालमा १०७ गाउँ पञ्चायत रहेको यस जिल्लालाई २०३८ सालमा ८७ मा झारियो । २०४६ को जनआन्दोलनपछि प्राप्त प्रजातन्त्रको पुनस्थापना पश्चात् २०५५ सालमा ६० गा.वि.स. र दुईवटा नगरपालिकामा विभाजन गरियो । स्याङ्जा जिल्लालाई प्राकृतिक रूपमा पनि विभाजन गरिएको छ । जस अर्न्तगत यो अध्ययन क्षेत्रको केही भाग गण्डकीबेसी क्षेत्रमा र केही क्षेत्र आँधिखोलामा पर्दछ । धेरैजसो बाहुन, मगर, गुरुङ, क्षेत्री, कामी, दमाई आदिको बसोबास भएको यस क्षेत्र अत्यन्त उर्वर एवम् हरभरा रहेको छ । यस क्षेत्रमा कालीगण्डकी 'ए' विद्युत परियोजना आएपछि यहाँका मानिसहरूको जीवन स्तरमा केही परिवर्तन आएको पाइन्छ । यहाँका युवाहरू ब्रिटिस तथा भारतीय सेनामा कार्यरत हुन्छ भने केही युवाहरू विदेशी भूमिमा आफ्नो श्रम पोखि रहेका छन् । विदेशीमा बस्ने आफ्ना छोरा र श्रीमानको विरहमा यहाँका नारीहरूले गाउनेगीत अत्यन्त मार्मिक लाग्दछन् ।

## २.५ मिर्मीको नामकरण

परापूर्वकालमा यस मिर्मी क्षेत्रमा घनाजङ्गल थियो । यहाँ विभिन्न प्रजातिका पशुपन्छीहरू पाइन्थ्यो । त्यस बेला त्यस क्षेत्र आसपासका मानिसहरू सिकार खेल्न त्यसै जङ्गलमा जाने गर्दथे । एक पटक केही सिकारीहरू सिकार खेल्न जाँदा एउटा मृगलाई देखे

र त्यसलाई लखेट्दै जाँदा रात बिती मिर्मिरे उज्यालो भएछ र त्यस ठाउँलाई मिरमिर भन्न थालेछन् । पछि पछिल्लो 'र' अक्षर लोप भई मिर्मी नाम रहन गएको हो भन्ने जनश्रुति पाइन्छ ।

## २.६ मुख्य पेसा

यस क्षेत्रमा अधिकांश निम्नमध्यम वर्गीय मानिसहरूको बसोबास रहेको छ । यहाँका मानिसहरूको मुख्य पेसा कृषि हो । कृषि पेसाअन्तर्गत यहाँका मानिसहरूले धान, मकै, कोदो, गहुँ, जौ, अदुवा, आदिको खेती गर्दछन्, तर पनि यहाँको उत्पादनले वर्षभरि जीवन गुजारा गर्न नपुग्ने हुँदा अधिकांश युवाहरू रोजगारीको खोजीमा नेपालकै बुटवल, पोखरा, काठमाडौं र विदेशसम्म पुग्ने गर्दछन् भने केही मानिसहरू व्यापार र केही मानिस सरकारी कार्यालयका उच्च तहसम्म पुगेको पाइन्छ । यस क्षेत्रका मगर, गुरुङ युवाहरू बृटिश, भारत तथा नेपाली सेनामा भर्ती भएको पाइन्छ ।

## २.७ यातायत

सिद्धार्थ राजमार्ग अर्न्तगत सुनौलीदेखि ८९ किलो मिटर देखि १०५ अर्थात् कि.मी. सम्मको १६ कि.मी. मुख्य राजमार्ग र जिरोदेखि मिर्मी कालीगण्डकी 'ए' परियोजनासम्म २२ कि.मी. पक्की पिच बाटो छ भने अन्य बाटाहरू कच्ची छन् ।

## २.८ कालीगण्डकी ए परियोजना

यस क्षेत्रकै मुख्य चिनारीका रूपमा रहेको कालीगण्डकी परियोजनाको निर्माण सुरुवात सन् १९९७ मा भई सन् २००२ मा उत्पदिन सुरु गरेको थियो । यस पावर हाउसले वर्षा याममा असारदेखि मंसिरसम्ममा आफ्नो क्षमता अनुसार १४४ मेगावट विद्युत् उत्पादन गर्छ भने हिउँद याममा (पुसदेखि जेठसम्म) पिक आबर (बिहान ७:३० देखि ९:३० सम्म) ६० देखि ७० मेगावट र अन्य समयमा ५० देखि ५५ मेगावाट मात्र विद्युत् उत्पादन गर्दछ ।

यसरी मिर्मी नेपालका पाँच विकास क्षेत्रमध्ये पश्चिमाञ्चल विकास क्षेत्रको गण्डकी अञ्चल अन्तर्गत पर्ने छवटा जिल्लाहरूमध्येको स्याङ्जामा पर्दछ । स्याङ्जा गण्डकी अञ्चलको दक्षिण-पश्चिमी भूभाग ओगटेर रहेको छ । मध्यमा उचाइका घुमाउरा लहरेदार पर्वतश्रेणी, तिनलाई छिचोल्दै विभिन्न दिशामा बग्ने साना-ठूला नदी, खोला र तिनबाट निर्मित फाँट-बेसीहरूको संयोगले बनेको यस क्षेत्रको नेपाली साहित्य, लोकसाहित्य र संस्कृतिमा उल्लेख्य योगदान रहेको छ । लोकगीतमा यो क्षेत्र सम्पन्न छ ।

# अध्याय तीन

# लोकगीतको सैद्धान्तिक परिचय

## ३.१ लोकगीतको परिचय र परिभाषा

लोकसाहित्यका विभिन्न विधा, उपविधामध्ये लोकगीत एउटा प्रमुख र महत्त्वपूर्ण विधा हो । अंग्रेजीको 'फोक लिटरेचर'को समानार्थी रूपमा नेपालीमा लोकसाहित्य शब्दको प्रचलन हुने गरेको छ । यसको अर्थ हुन्छ जनसाधारणले मौखिक परम्पराबाट रच्दै र हुर्काउँदै ल्याएको साहित्य भन्ने हुन्छ । लोकजीवनका तीता-मीठा अनुभूतिहरूको त्यो सहज अभिव्यक्ति जहाँ शास्त्रीय बन्धन र कलात्मक सचेतता हुँदैन, त्यो नै लोकसाहित्य हो । श्रुति परम्परामा बाँच्ने अलिखित विधा भएकोले लोकसाहित्यमा रचयिताको कुनै अस्तित्व हुँदैन । लय वा भाका प्रधान भएर वाणीका रूपमा अभिव्यक्ति भएको हार्दिक अनुभूति नै लोकगीत हो । जब लोकले आफ्ना विरह, वेदना, सौन्दर्य तथा प्रेम भावलाई सहज र स्वाभाविक पाराले उन्मुक्त स्वर लहरीमा पोख्दछ, त्यसले लोकगीतको संज्ञा पाउँदछ । 'शिक्षा लोकगीतको शत्रु हो' भन्ने किट्रिजको भनाइअनुसार लोकगीत अशिक्षित समाजमा अझ बढी फस्टाउन सक्दछ भनी बुझ्न सकिन्छ । यसको तात्पर्य जहाँ शिक्षाको प्रकाशले स्पर्श समेत गरेको हुँदैन, त्यस्तो समाजमा लोकगीत अझै मौलाउन सक्दछ । शिक्षाले ल्याएको आधुनिकताको भुँवरीमा लोकगीत हराउन पनि सक्दछ । लोकका कुनै एक दुई प्रतिभाद्वारा लोकजीवनका हाँसो, आँसु, दर्द-पीडा, स्थिति, परिस्थितिजन्य भावनाहरूलाई आफ्नो मधुर स्वर लहरीद्वारा अभिव्यक्त गरेपछि त्यही लहरीलाई पछ्याउँदै त्यहाँको लोकजीवन झुम्न थाल्दछ । त्यो लहरी अनेक डाँडा-पाखा, भन्ज्याङ चाहार्दै सबैको हृदयलाई आल्हादित तुल्याउँदै जान्छ, त्यही नै लोकगीत हो । लोकगीत लोकको साझा सम्पत्ति हो । मौखिक परम्परामा जीवित रहन्छ । त्यसैले पनि लोकसाहित्यलाई अपौरुषेय साहित्य मानिने गरिन्छ । वेदलाई पनि तत्कालीन लोकसाहित्यकै नमुना मान्ने गरिन्छ । सामवेद विशुद्ध गीत हो, जो विभिन्न यज्ञ वा उत्सवमा गाइन्थ्यो । सुन्ने, कण्ठ गर्ने र गाउने हुनाले यसले 'श्रुति' नाम पायो । विवाह आदि उत्सवमा गाइने परम्परागत माँगल गीतमा वैदिक क्रियाकै भाव भूमि सर्दै भाषिक परिवर्तनका चक्रमा पिंधिदै आज यस रूपमा आएका छन् । लोकसमुदायले परम्परागत रूपमा यसरी गाउँदै-सुनाउँदै आएको सर्वाधिक प्रिय गेयात्मक लोकसाहित्यिक विधा लोकगीत हो (लामिछाने,२०६८:११)। 'गीत' संस्कृतको 'गै' धातुमा 'त' प्रत्यय लगाएर व्युत्पन्न भएको शब्द हो । यसले गेय विधालाई जनाउँछ । 'लोक' र 'गीत' दुई शब्द मिलेर लोकगीत बनेको छ, जसको अर्थ लोकको गीत भन्ने हुन्छ । लोकगीत लोकको गीत हो ( लामिछाने,२०६८:११)।

गीत लोकसाहित्यका विधाहरूमा सबैभन्दा सम्पन्न र व्यापक छ । लोकगीतको क्षेत्र विस्तृत हुनाका साथै यो विधा सर्वाधिक प्रिय हुनुमा यसमा पाइने बहुविध गुण नै कारक रहेका पाइन्छन् । लोकगीतको कुरा गर्दा लोकसङ्गीतको चर्चा हुनु स्वाभाविक छ । कतिपय सन्दर्भमा 'गीतसङ्गीत' एकै पदका रूपमा प्रयुक्त हुन्छन् (लामिछाने,२०६८:११) ।

लोकगीतमा अन्जानमै भए पनि लय, छन्द, विम्ब, अलङ्कार आदि काव्यात्मक गुणहरू भित्रिएका हुन्छन् । लोकगीत रचना गर्ने व्यक्ति अशिक्षित हुने भएकोले उसलाई शास्त्रीय छन्द, अलङ्कार आदिको ज्ञान हुँदैन । आन्तरिक उद्गार जस्तो भाकामा व्यक्त हुन्छ र त्यही छन्द बन्दछ । वेदनाको तरङ्गले अभिव्यक्तिको बाङ्गो सोझो जस्तो बाटो समाउँछ त्यही नै अलङ्कार हुन्छ । प्रकृति र परिस्थितिले हृदयमा जस्तो प्रभाव पार्छ, तदनुसारको भाव र रसको उदय हुन्छ । यसरी नितान्त नैसर्गिक रूपमा लोकगीतको मूल फुट्छ र झरना बनेर झर्दछ । वास्तवमा लोकगीत झरना जस्तै हुन्छ । हजारौं वर्ष पुरानो भएर पनि झरनाको पानी नित्य नयाँ हुन्छ, न कहिल्यै सुक्छ, न कहिल्यै रोकिन्छ बरु उसका जल कल्लोलमा नयाँ-नयाँ सङ्गीत र नव-नव नृत्यहरू थपिँदै जान्छन् ... ।

लोकगीतलाई सीमित शब्दमा परिभाषित गर्नु कठिन भए पनि विभिन्न समय र सन्दर्भमा विद्वान्हरूले लोकगीतलाई परिभाषित गर्दै आएका छन् । नेपाली लोकगीतको परिचय दिने क्रममा विभिन्न विद्वान्हरू र लोकगीतका पारखीहरूको विचार उल्लेख गर्नु सान्दर्भिक हुन्छ । लोकगीतको स्वरूपलाई बुझ्न ती विचार र परिभाषाहरू उपयोगी हुने हुँदा यहाँ त्यस्ता केही परिभाषाहरू उल्लेख गरिएका छन् :

विदेशी विद्वान् राल्फ भी. विलियम्सका अनुसार लोकगीत न नयाँ हुन्छ न पुरानो । लोकगीत त त्यो जङ्गली वृक्ष जस्तै हो, जसका जरा भूतकालको भुइँमा पर भित्रैसम्म गाडिएका हुन्छन् अनि तिनका नयाँनयाँ हाँगामा निरन्तर हरिया पात लाग्छन्, पालुवा चढ्छन् र फल लाग्छन् (लामिछाने,२०६८:१२)।

म्यक्सिम गोर्कीले लोकगीतलाई मानिसको स्वतः प्रवाहित सिर्जनात्मक शक्तिबाट उत्पन्न भएको हुन्छ, यो अत्यन्त स्वाभाविक हुन्छ भनेका छन् (लामिछाने,२०६८:१२)।

लिपोल्ड स्टोकव्स्कीका विचारमा लोकगीत साधारण तथा प्रकृतिप्रेमी मानिसहरूको हृदय र मस्तिष्कको उपज हो, जुन सोझो र इमानदार भावनाबाट प्रेरित हुन्छ ( लामिछाने,२०६८:१२) ।

भारतीय विद्वान् सत्येन्द्रका अनुसार जुन गीत लोकमानसको अभिव्यक्ति हुन्छ अथवा जसमा लोकमानसको आभास पनि हुन्छ त्यो गीत लोकगीत अन्तर्गत पर्न आउँछ( लामिछाने,२०६८:१२)। अर्का भारतीय विद्वान् रामनरेश त्रिपाठीका अनुसार ग्रामगीत प्रकृतिका उद्गार हुन् । यिनमा अलङ्कार होइन, केवल रस छ । छन्द होइन, केवल लय छ । लालित्य

होइन, केवल माधुर्य छ । ग्रामीण मनुष्यका, स्त्री-पुरुषका बीचमा हृदय नामको आसनमा बसेर प्रकृति गान गर्दछे । प्रकृतिका तिनै गीत ग्राम-गीत हुन् (लामिछाने,२०६८:१२) ।

नेपाली लोकगतिका अध्येता एवम् विद्वान् सत्यमोहन जोशीका अनुसार लोकगीत भनेको त्यो सङ्गीत वा गीत हो, जुन मानव समाजमा मातृभाषाको नाताले मानिसहरूमा नैसर्गिक रूपले सुख र दुखको अनुभवमा दया माया प्रेमभाव अभिव्यक्त हुने बेलामा स्वयमेव उद्गारको रूपमा लयदार तवरमा काव्यमय शैली भै निस्कन्छ (जोशी, ?:१४५)।

धर्मराज थापा र हंसपुरे सुवेदीका विचारमा वसन्तको हरियालीमा चैतको हुरीमा जेठको खडेरीमा, दिनभरिको थकाइमा, वनपाखा मेलापात, दिनरात जहाँ जहिलेसुकै मादल, डम्फु, झ्याली, कड्ताल, खैजडी, मुर्चुङ्गा, सारङ्गी र पातको रन्कोमा रोदीघरबाट एक डाँडालाई पट्ट पारी कुलकुलाइरहेका खोलानालाको अविरल धुनमा रहेलिदै गएका सुरिला मधुरकण्ठ भएका च्याङ्बा र च्याङ्बीको हदय फुटेर आएका चोखा सङ्गीतमय उद्गारहरूलाई हामी लोकगीतले पुकार्दछौँ (थापा र सुवेदी, २०४१:५९-६९)।

कवि तथा गीतकार कृष्णप्रसाद पराजुलीका शब्दमा लोकगीत लोकहृदयको स्वस्फूर्त सुकोमल लयात्मक अभिव्यक्ति हो (पराजुली, २०५७:२७)।

लोकसाहित्यका अध्येता तथा समालोचक कपिलदेव लामिछानेका अनुसार स्वच्छ लोकभावनाले विशिष्ट लयात्मक भाषमा अभिव्यक्ति पाएको गेय रचना लोकगीत (Lyric / lyrics / Flok Song) हो (लामिछाने,२०६४:११)।

त्यसैगरी विभिन्न लोकगायक वा विद्वान्हरूसँग प्रत्यक्ष भेटघाट गरी केही विचार लिइएको छ । यस क्रममा हरिदेवी कोइरालाको भनाइ छ : मानवीय मानमा एक न एक अनेक विषय परिवेशहरूले छोडेका हुँदैनन् । त्यो मानवीय अन्तर्मनको दुखित भावनालाई बुलन्द गर्ने माध्यम नै लोकगीत हो ।

गायक चेतन कार्की भन्छन् : लोकगीत भनेको सङ्गीतको आदिभाषा हो । शास्त्रीय सङ्गीत व्याकरण हो लोकगीतमा लोकको भोगाइलाई अभिव्यक्त गरिएको हुन्छ ।

यसप्रकार बहुरूपी प्राकृतिक छटा, समसामयिक घटना प्रसङ्ग, ऐतिहासिक दिग्दर्शन, सामाजिक प्रवृत्ति तथा वैयक्तिक बानीबेहोरा व्यापक चित्रण लोकगीतमा पाइन्छ । रागात्मक प्रेम प्रसङ्ग, विरह-व्यथा, वियोग, चिन्ता, पारिवारिक असन्तुलन, अभाव, पीडा, सङ्घर्षको दुखद परिणाम, आघात असन्तुष्टि, कुण्ठा आदिको मनस्थितिबाट प्रायः लोकगीतको प्रस्फुटन हुन्छ । लोकगीतले मनोरञ्जनका साथै जीवनजगत्का घतिला अनुभूति तथा मानवीय आदिम मनोवृत्तिसँग भेट गराउँछ । त्यसैले अशिक्षित र असभ्य वर्गको सिर्जना ठानिने लोक धुकधुकीलाई जतिसुकै सभ्य र शिक्षित व्यक्तिले पनि उपेक्षा गर्न सक्तैन ।

नेपाली लोकगीतका अध्येता कपिलदेव लामिछानेले विभिन्न परिभाषा समेत केलाई लोकगीतलाई यसरी परिभाषित गरेका छन् : लोकगीत लोकसमुदायमा परम्परादेखि लोकसाङ्गीतिक सम्पदाका रूपमा लोकभावनालाई आत्मसात् गर्दै आएको लघु आकारको प्रभावकारी गेयात्मक-लयात्मक त्यस्तो स्वतःस्फूर्त आख्यानमुक्त अभिव्यक्ति हो, जसमा लोकजीवन र लोकसंस्कृतिको जीवन्त झल्का पाउन सकिन्छ । केही लोकगीत केही लामा र आख्यानयुक्त भए पनि यसको मूल स्वरूप चाहिँ छोटो आकारको हुनु र आख्यानमुक्त हुनु नै हो (लामिछाने,२०६८:१५)।

### ३.२ लोकगीतका तत्त्व

लोकगीतका निर्माणकारी उपकरण वा संरचक घटकलाई लोकगीतका तत्व भनिन्छ । जुन नभई त्यो बन्दैन, त्यही त्यसको तत्व हुन्छ (लामिछाने,२०६८:१५)। लोकगीतका तत्वका बारेमा अध्येताहरूमा एक मत पाइन्न । त्यसैले यहाँ अधिकांशले मानिआएका (१) कथ्य वा भाव (२) लय र भाका (३) स्थायी, अन्तरा र थेगो (४) भाषा (५) शैली (कथनपद्धति) जस्ता मूलभूत तत्वलाई लोकगीतका तत्वका रूपमा लिनु युक्तिसङ्गत ठानिएको छ । सङ्गीत वा वाद्य, नृत्य, अभिनय, पहिरन वा वेशभूषा आदि लोकगीतका अनिवार्य तत्व नभएर परिधीय वा सहयोगी तत्व हुन् । यी सबै तत्व मिलेपछि एउटा लोकगीतको संरचना तयार हुन्छ (लामिछाने,२०६८:१६)। यी तत्व मिलेपछि लोकगीत बन्दछ । यहाँ लोकगीतका प्रमुख तत्वको सङ्क्षेपमा चर्चा गरिएको छ ।

#### ३.२.१ कथ्य

लोकगीतको एक मुख्य तत्व कथ्य हो । लोकगीतमा जे भनिन्छ त्यो नै कथ्य हो । यसलाई भाव पनि भन्न सकिन्छ । लोकगीत भन्ने बित्तिकै यसमा कुनै न कुनै कथ्य हुन्छ भन्ने स्पष्ट हुन्छ । त्यसैले कथ्य वा भाव लोकगीतको एक अनिवार्य तत्व हो ।

#### ३.२.२ लय

लय लोकगीतको अर्को प्रमुख तत्व हो । लोकगीत लोकलयमा नै हुन्छ । लोकगीतको लयलाई लोकलय र लोकभाका पनि भनिन्छ (लामिछाने,२०६८:१७)। कथ्य अनुकूल हुँदैमा त्यो लोकगीत हुँदैन । त्यस्तो भाव वा कथ्य वा लोककथ्यलाई लोकलयमा ढालेपछि बल्ल त्यो लोकगीत हुन्छ ।

#### ३.२.३ स्थायी र अन्तरा

लोकगीतको मुख्य कथन भएर सुरुमा दोहोरिएर पुनःपुनः आउने पङ्क्ति वा पङ्क्तिपुञ्जलाई स्थायी भनिन्छ (लामिछाने,२०६८:२०)। लोकगीतको आरम्भमा र बीचबीचमा पटकपटक र अन्तमा समेत दोहोरिएर आउने अंश नै स्थायी हो । यो लोकगीतको मूल कथ्य भावको संवाहक हो र यसपछि आउने पङ्क्ति वा पङ्क्तिपुञ्ज (अन्तरा) ले यही स्थायीको

भावको विस्तार र परिपाक गर्ने कार्य गर्दछन् । खुट्टामा नेल परे पर्ला, भ्याउरेमा ननाची छाड्दिन .... यो एउटा स्थायी हो (लामिछाने,२०६८:२०)। स्थायीमा व्यक्त भावको विस्तार र परिपाक गर्न आउने थप अंश वा अरु पङ्क्तिपुञ्जलाई अन्तरा भनिन्छ (लामिछाने, २०६८:२०)। यसरी स्थायी र अन्तरा लोकगीतका संरचक हुन् ।

### ३.२.४ भाषा र शैली

लोकगीतको अभिव्यक्तिको माध्यम वा लोकभावनालाई प्रकट गर्ने साधन भाषा हो । लोकभावनाले भाषामा प्रकट भई मूर्त रूप प्राप्त गर्दछ (लामिछाने,२०६८:२१)। लोकगीतमा बोलीचालीको कथ्य भाषा हुन्छ । लोकगीत प्रस्तुत हुने ढाँचा, रीति वा तरिका त्यसको शैली हो (लामिछाने,२०६८:२२)। नेपाली लोकगीतका अनेक शैली छन् ।

यसरी लोकगीतमा यी विभिन्न तत्वले संरचकको काम गर्दछन् । लोकगीतमा यिनलाई अलग्याएर-छुट्ट्याएर देखाउन सकिन्न ।

## ३.३ लोकगीतका विशेषता

लोकगीतका विभिन्न विशेषता छन् । लोकगीतका विशेषताबारे विभिन्न विद्वान्हरूले प्रकाश पारिआएका छन् । यहाँ केही त्यस्ता विशेषतालाई निम्न अनुसार देखाइएको छ :

### ३.३.१ मौखिकता र पारम्परिकता

लोकगीतको मूलभूत विशेषता अलिखित हुनु वा मौखिक हुनु हो । लोकगीतलाई सङ्कलन गर्न सकिन्छ, लेख्न सकिन्न । लोकगीतका लय र भाकामा नयाँ शब्द र भाव राखी नयाँ गीत बनाउन सकिन्छ (लामिछाने,२०६८:२५)। लोकगीत मौखिक रूपमा परम्पराबाट पुर्ख्यौली सम्पदाका रूपमा प्राप्त भएका हुन् । एक पुस्ताबाट अर्को पुस्तामा सर्दै जानु लोकगीतको वैशिष्ट्य हो । परम्परागत रूपमा प्राप्त भएकाले पारम्परिकता पनि लोकगीतको विशेषता हुन आउँछ (लामिछाने,२०६८:२६)।

### ३.३.२ सामूहिकता

लोकगीत समुदायको अभिव्यक्ति हो । लोकगीतको रचनाकार समूह हुन्छ र यसभित्र भावभूमि पनि सामूहिक हुन्छ । कृष्णप्रसाद पराजुलीका अनुसार लोकगीत जसले गाए पनि त्यसमा निहित उल्लास र पीडाका स्वर समूहका स्वर भएर गुन्जन्छन् । नेपाली लोकगीतमा सामाजिक मूल्य र मान्यतामा अभिव्यक्ति गर्ने शक्ति रहेको पाइन्छ (पराजुली,२०५७:१३८)। लोकगीतको प्रथम उन्मेष व्यक्तिबाट उठान भएको हुन सक्छ र व्यक्तिविशेषका स्वानुभव-स्वानुभूति प्रकट भएका हुन सक्छन्, तर त्यसले मूर्तता नपाउँदै समुदायको अर्को-अर्को

सदस्यका अनुभूति र सिर्जनधर्मिता त्यसमा घुलमिल हुन जान्छ र त्यो सामूहिक कर्तृत्व र सामूहिक भावनाको अभिव्यक्ति बन्न पुग्दछ (लामिछाने,२०६८:२६)।

### ३.३.३ परिवर्तनशीलता र गतिशीलता

एक गलाबाट अर्को गलामा, एक स्थानबाट अर्को स्थानमा र एक पुस्ताबाट अर्को पुस्तामा सर्दै जाने वा प्रसार हुने क्रममा लोकगीतमा पटकपटक परिवर्तन भइरहन्छ । परिवर्तनशील र मौखिक भएको हुँदा कुन लोकगीतको मूल रूप वा स्वरूप र कथ्य कस्तो थियो भनी बताउन सम्भव छैन (लामिछाने,२०६८:२६)। त्यसैले नित्यनिरन्तर परिवर्तनशील भएकाले लोकगीतमा गतिशीलता पनि पाइन्छ ।

### ३.३.४ सरलता, सहजता र स्वच्छन्दता

लोकगीत सहज र स्वाभाविक हुन्छन् । सरल, सहज नभएको भए लोकसमुदायमा मौखिक रूपमा प्रवाहित भइरहन सम्भव थिएन (लामिछाने,२०६८:२६-२७)। लोकगीत कुनै व्याकरणिक र शास्त्रीय नियमका बन्धनमा रचना नभई स्वच्छन्द हुन्छ(लामिछाने,२०६८:२७)।

### ३.३.५ रचनाकारको अज्ञातता

लोकगीतको रचनाकार ज्ञात हुँदैन । आरम्भमा कुनै व्यक्तिले नै रचना गरेको वा गाएको भए पनि त्यो अर्को व्यक्ति वा समुदायलाई सुनाइन्छ र सुन्ने व्यक्ति वा समुदायले अर्को व्यक्ति वा समुदायलाई गाएर सुनाउँछ । त्यसरी सुनाउँदा त्यसमा संशोधन-परिमार्जन र थपघट हुन्छ (लामिछाने,२०६८:२७)।

यसरी लोकगीतमा विभिन्न विशेषता पाइन्छन् । भाव वा कथ्यको पुनरावृत्ति, छरितोपना, भावको तीव्रता, गेयात्मकता र सङ्गीतात्मकता, लोकतत्वको प्रयोग, लयगत, भाकागत र कथ्यगत विविधता आदि पनि लोकगीतका विशेषता रहेका छन् ।

## अध्याय चार

# मिर्मी क्षेत्रमा प्रचलित नेपाली लोकगीतको अध्ययन

### ४.१ नेपाली लोकगीतको परम्परामा स्याङ्जाली लोकगीत

हरेक मुलुकका आआफ्नै संस्कृति अनुसारका लोकगीतहरू हुन्छन् । नेपालका पनि पचहत्तरै जिल्ला लोकगीतहरूको समष्टि स्वरूप नै नेपाली लोगीतको स्वरूप हो, जसको फेद एउटै छ इतिहास पनि एउटै छ । अतः स्याङ्जाली लोकगीत भन्नु नेपाली लोकगीतकै एउटा अभिन्न अङ्ग हो । मोटामोटी रूपमा मात्र सबैतिरका लोकगीतका सामान्य विशेषताहरू बटुलेर नेपाली लोकगीतहरूको एउटा रूप तयार पारिएको छ, तर विभिन्न क्षेत्रमा पाइने लोकगीतहरूको समग्र सङ्कलन हुन सकेको छैन । क्षेत्रीय स्तरमा हेर्दा एउटा क्षेत्र वा ठाउँमा गाइने गीत र अर्को क्षेत्रमा गाइने गीतमा सामान्य अन्तर देखापर्न जाने हुनाले यहाँ स्याङ्जाली, पाल्पाली, कस्केली आदि नाउँ दिने गरिएको हो । यी सबैको समष्टि नाउँ नेपाली लोकगीत हो, जसको संक्षिप्त ऐतिहासिक परम्पराको सर्वेक्षण यहाँ गर्न खोजिएको छ ।

नेपाली लोकगीत बीजभूमि खोज्दै जाँदा संस्कृतसम्म पुगिन्छ । उच्च धवल हिमश्रृङ्खलाले घेरिएको, हरिया, पहाडहरूले भरिएका, कञ्चन जलप्रवाहका पवित्र हिमनदीहरूले नागबेली परेर सिञ्चिएको यस नेपाल भूमिमा आर्यहरूको आगमन भएपश्चात् नै उनीहरूबाट यहाँको मनमोहक दृश्यावलीहरूबाट प्रभावित भई वैदिक उद्गारै भएको भाषामा परिवर्तन आउँदा यसमा पनि परिवर्तन आउनु स्वाभाविकै हौ । माँगल आदि गीतको गायक प्रक्रिया र वैदिक ऋचाको गायन प्रक्रिया अझै साम्यता पाइन्छ । साथै दुवैको भावभुमि पनि समान किसिमको पाइएबाट यसको ऐतिहासिकता प्रमाणित हुन्छ ।

वर्तमान भारतको कुमाउँ-गडवालतिरबाट नेपाल आउने खसहरू नै नेपाली भाषाका मूल वक्ता र प्रचारक मानिन्छन् । यिनकै सम्पर्क र प्रभावमा आएका ११ देखि १७ औं शताब्दीमा कुमाउँ, गडवालबाट नेपाल पस्ने हिन्दूहरू नै नेपाली भाषा र लोकगीतका प्रचार प्रसारकर्ता हुन् । यिनीहरूको पश्चिमबाट क्रमशः पूर्वतिर फैलिदै बढ्दै जाने क्रममा नेपाली लोकसंस्कृति र लोकसाहित्यले पनि पूर्वतिर प्रसार भयो । आजभोलि पाइने चाँचरी, माँगल, सगुनका गीतहरू पनि तिनै गडवालतिरबाट आउने पुर्खाका देन हुन् । पृथ्वीनारायण शाहको एकीकरण अभियानसँगै यस क्षेत्रमा पुनर्जागरण आयो । लोकगीत गाउनेहरूले राष्ट्रिय गौरव र राष्ट्रिय वीरताको गाथा गाउँ-गाउँमा गाउँदै हिंडी एकीकरण अभियानमा ठूलो सघाउ पुऱ्याएका थिए ।

एकीकरणपछि र सुगौली सन्धिअघि कुमाउँ, गडवाल नेपाल हुँदा एउटै राष्ट्रियताको नाताले त्यहाँका कतिपय गीति लयहरू यतातिर सर्नु पनि स्वाभाविकै हो । सुगौलीपूर्व अंग्रेजसँगको गडवालतिर जाने बाग्लुङका गोरे सिरस र मानवीर खत्रीले त्यहाँ बस्दा सिकेका हाइगौरी आदि कतिपय लयहरू सुगौलीपछि घरगाउँमा फर्केर गाउन थाले, जो ज्यादै लोकप्रिय भई झ्याउरे भन्ने नाउँ पाए र यिनीहरू झ्याउरेका प्रवर्तक मानिए । अहिलेसम्म झ्याउरेका अनगिन्ती भेद र भाकाहरू निस्केका छन् र निस्किंदै छन् । सुगौलीपछि अंग्रेजी सेनामा भर्ती हुने जवानहरूले पनि प्रवासमा बस्दा र घर गाउँमा आएको बेला लोकगीतको विस्तारमा उल्लेखनीय योगदान पुऱ्याए । यहाँनेर हीरा गाइनेको पनि उल्लेख गर्नु उपयुक्त हुन्छ, जसको गीतमा अंग्रेजी अफिसरहरू मुग्ध भएर उल्था र रेकर्ड गर्न पुगे । जङ्गबहादुरको पालामा लमजुङका म्याक्रुम गुरुङले सालैजो भन्ने लामो भाकाको आविष्कार गरी नेपाली लोकगीतमा नौलो आवाम थपे । वि.सं.१९७३ तिर पर्वतका बिर्खे पुन र दार्जिलिङकी हंसरानी आदि त्यतिबेलाका प्रसिद्ध गायक, गायिका लोकगीतलाई युरोपसम्म पुऱ्याए (पन्त, २०२८:२८) । लमजुङका द्यौबहादुर दुरा लोकगीतका अर्का अविस्मरणीय प्रतिभा हुन् । १९९० सालमा कर्पुटारमा भएको यिनको गीत र नृत्यको बखान जीवन्त छ । यिनैताक पाल्पाका बहादुरसिंह बराल र मित्रसेनले नेपालका पहाडी भागमा घुमी-घुमी लोकगीतको प्रचार प्रसार गरे । यिनै बहादुर सिंहको **बरालको आँसु** नामक लोकगीतसङ्ग्रह १९७९ मा प्रकाशित पनि भएको थियो । सन्त ज्ञानदिलदासले झ्याउरे लयमा उपदेश दिने गरेको र स्याङ्जाका जगन्नाथ पन्तले झ्याउरे छन्दमै पुराणका कथा भन्ने गरेको कुरा प्रसिद्धै छ ।

१९९० सालपछि लोकगीतको अध्ययन अनुसन्धान र सङ्कलन समेत हुन थाल्यो । महाकवि देवकोटाले झ्याउरेलाई काव्यात्मक उच्चता प्रदान गरे । भद्रकाली रेकर्डस्द्वारा लोकगीत रेकर्डहरू तयार पारिन थाल्यो । २००३ सालतिर लोकगीत बटुल्दै धर्मराज थापा देखापरे । सत्यमोहन जोशीले पनि लोकगीत सङ्कलन गर्न थाले । **उद्योग** र **शारदा** पत्रिकामा लोकगीतका टुक्राटुक्री छापिन थाले ।

२००७ सालको क्रान्तिपछि साहित्य र लोकसाहित्यका क्षेत्रमा पनि क्रान्ति आयो । यसै साल चैत २० गते रेडियो नेपालको स्थापना भयो । २०१० सालमा धर्मराज थापाको सक्रियतामा भएको लोकगीत प्रकाशन तथा २०१३ सालका राजा महेन्द्रको राज्याभिषेकका अवसरमा भएको लोकगीत सम्मेलनले यस क्षेत्रमा नयाँ जीवन प्रदान गऱ्यो । लक्ष्मण लोहनीको **रोदीघर** (२०१३), प्रज्ञा प्रतिष्ठानको स्थापना (२०१४), धर्मराज थापाको **मेरो नेपाल भ्रमण** (२०१६), काजीमान कन्दङ्वानको **नेपाली जनसाहित्य** (२०२०), **हाम्रो संस्कृति** पत्रिकाको प्रकाशन (२०३३), हरिहरराज जोशीको **सोरठी** (२०२३), **संगिनी** (२०२८) धर्मराज थापा, हरिबहादुर रन्जितकार र भैरवबहादुर थापाको **लोकगीत** (२०२९), प्रदीप रिमालको **कर्णाली लोकसंस्कृति खण्ड ५** (२०२८), कालीभक्त पन्तको **हाम्रो सांस्कृतिक इतिहास** (

२०२८), धर्मराजको **गण्डकीका सुसेली** (२०३०), देवकान्त पन्तको **डोटेली लोकसाहित्य** (२०३२) कालीभक्तको **गीत सुधारको राष्ट्रिय बाटो** (२०३३), जगमान गुरुङको **गुरुङ जाति तथा संस्कृति** (२०३४), नेपाली लोकसांस्कृतिक संगोष्ठी (२०३५), तुलसी दिवसको **धिमाल लोक धर्म र संस्कृति** (२०३९), धर्मराज थापा र हंसपुरे सुवेदीको **लोकसाहित्यको विवेचना** (२०४१), कृष्णप्रसाद पराजुलीको **नेपाली लोकगीतको आलोक** (२०५७), चूडामणि बन्धुको **नेपाली लोकसाहित्य** (२०५८) आदि नेपाली लोकगीत तथा लोकसाहित्यको अध्ययन परम्पराका महत्त्वपूर्ण सङ्गाला हुन् ।

**गण्डकीको सुसेली, मेरो नेपाल भ्रमण, हाम्रो सांस्कृति इतिहास, नेपाली लोकसाहित्यको विवेचना** आदि नेपाली लोकसाहित्य, नेपाली लोकगीतको अलोक तथा स्याङ्जाली लेखकहरू विश्वप्रेम अधिकारी पनि स्याङ्जा जिल्लाका नेपाली लोकगीतको चर्चा तथा उल्लेख भएको छ ।

खाँडो जगाउने परम्पराको सूत्रपात स्याङ्जा क्षेत्रबाट भएको हो । नेपाली लोकगीतका क्षेत्रमा महत्वपूर्ण स्थान ओगट्ने सोरठी, घाटु, झयाउरे आदि गीतहरू स्याङ्जा प्रमुख गीतहरू हुन् । चुट्का-रोइला, भजन आदि र बाह्रमासा गीतहरू दोहोरी आदिको प्रमुख थलो पनि स्याङ्जा क्षेत्र मानिन्छ । रेडियो नेपालका विभिन्न कार्यक्रमहरूमा स्याङ्जाली गलाहरू समय-समयमा गुन्जन्छन् । चेतन कार्की, चन्द्रबहादुर गाहा, सावित्री शाह, दिलबहादुर श्रेष्ठ, पुरुषोत्तम न्यौपाने, भगवान भण्डारी, बुद्धिसागर बस्याल, अर्जुन गैह्रे, शर्मिला गुरुङ, विष्णु माझी, एकनारायण भण्डारी, खुमन अधिकारी, डिल्लीनारायण पाण्डेय आदि पनि यसै भूमिका प्रतिभा हुन् ।

## ४.२ लोकगीतको वर्गीकरणका आधारहरू

लोकगीत लोकजीवनको भावमय उद्गार हो । लोकसुस्केरामा उकाली–ओराली भञ्ज्याङ–चौतारी, वनपात, मेलापर्व आदिमा प्रेम, व्यथा र करुणाका भाव स्वःस्फूर्त भएको हुन्छ । पौराणिक कालदेखि लोकगीतले मनोरञ्जन प्रदान गर्नुका साथै सबै नेपालीलाई एकताको सूत्रमा बाँध्ने काम पनि गरि आएको छ । लोक भन्नाले त्यो समुदायलाई बुझिन्छ जहाँ भिन्न रुचि र प्रवृत्तिका मान्छेहरू हुन्छन् । तिनकै सरल र स्वभाविक अभिव्यक्तिमा लोकगीतको अस्तित्व छ । रुचि र प्रवृत्तिगत भिन्नताले अभिव्यक्तिमा पनि भिन्नता आउनु स्वाभाविक हो । संसारमा हरेक मानिस अलग प्रवृत्तिको छ । स्वाभाविक एकता कमैमा मात्र पाइन्छ । त्यसकारणले पनि लोकगीतमा विभिन्न प्रवृत्तिगत भिन्नताहरू देखा परेका हुन्छन् । प्राकृतिक सुन्दरताले मोहित भएर मानवको अन्दर्हृदयबाट प्रस्फुटित स्वर र शब्दको मेल नै लोकगीत हो । तसर्थ अभिव्यक्तिगत भिन्नताका हिसाबले स्वरूपगत भिन्नताका हिसाबले, कालक्रम भिन्नताका हिसाबले लोकगीतमा प्रशस्त विविधता पाइन्छ । यही विविधतालाई

ध्यानमा राखेर विभिन्न विद्वान्हरूले अध्ययनको सुगमताका लागि विभिन्न आधारमा लोकगीतको वर्गीकरण गरेका छन् । तर कुनै एक स्थान र कालको परिधिमा रहेर गरिएको वर्गीकरण र दिइएका आधारहरू सबै क्षेत्र र सबै खाले लोकगीतका लागि उपयुक्त हुन्छन् भन्न सकिन्न ।

लोकगीतको वर्गीकरणका क्रममा भारतीय विद्वान्हरू रामनरेश त्रिपाठी, सूर्यकिरण पारिक, कृष्णदेव उपाध्याय, मोहनलाल बाबुलकर, स्वर्णलता आदिले देखाएको बाटोबाट आधारभूत प्रेरणा प्राप्त गर्न सकिन्छ । साथै लोकगीतको अनुसन्धानमा संलग्न नेपाली विद्वान्हरू सत्यमोहन जोशी, काजीमान कन्दङ्बा, कालीभक्त पन्त, धर्मराज थापा र हंसपुरे सुवेदी, चूडामणि बन्धु, कृष्णप्रसाद पराजुली आदिका वर्गीकरण पनि कम प्रभावकारी छैनन् । यी आदरणीय विद्वान्हरूले गरेका वर्गीकरणहरूलाई आधार मान्दै यस क्षेत्रका लोकगीतका प्रकृति र विशेषताहरूलाई पनि ध्यानमा राख्दै यस क्षेत्रमा पाइने लाकेगीतलाई निम्नअनुसार विभाजन गर्न सकिन्छ :

**(क) स्वरूपको आधारमा**

(क) आख्यानमुक्त (मुक्तक किसिमका)

(ख) आख्यानयुक्त (गाथा किसिमका)

आकारगत हिसाबले पर्गेल्न खोज्दा कविताको झैँ लोकगीतका पनि चार रूपहरू देखापर्छन - (क) लघुत्तम, (ख) लघु, (ग) मध्येम (मझौला) (घ) बृहत्

लघुत्तम गीतहरू दुई वा चार लाइनमा टुङ्गिने हुन्छन् । प्रत्येकले भावको एउटा झोक्कालाई व्यक्त गर्छन् । टुक्का गीत र विरह गीतलाई लघुत्तमको श्रेणीमा राख्न सकिन्छ । जस्तै :

विरहको गीत मैले गाउँछु, छाँगाबाट खसेझैँ म भाछु

मिर्मीमुनि काली थुनेको,

अन्तै माया लाइछौ रे मायाले साँच्चै हो कि हल्ला सुनेको । ...

(पुरुषोत्तम न्यौपाने, क्यासेट : हल्ला सुनेको)

लघु प्रकारका गीतहरू कथातत्त्वको आभास पाइन्छ । भावनाले अति लामो उडान भर्छ यस्ता खाले गीतमा तीजका गीत, दोहोरी र झ्याउरेका कतिपय किसिमहरू यसमा पर्दछन् । जस्तै :

सलल यो आँधीखोला, फेरि भेट होला कि नहोला ।

माथि पऱ्यो माझकोटै डाँडा, लैमाया तल पऱ्यो रयाले,

भमरा घुम्छ रस खाने निहुँले, लैमाया म घुम्छु मायाले ।

सलल यो आँधीखोला .......

(स्रोत : गोपाल जि.टी.)

मझौला खाले गीतमा कथानकले कुनै एउटा निश्चित आयाम लिएको पाइन्छ । जीवनको कुनै एउटा अंश वा घटनाक्रमको वृत्तान्तलाई गीतमा आबद्ध गरिएको हुन्छ । जस्तै :

आमैले सोध्लिन् नि खै छोरा भन्लिन् रणमै छ रे भन्दिए ।

बृहत् आकारका गीतहरूमा 'नचरी' लाई लिन सकिन्छ, जो ४, ५ दिनसम्म लगातार नृत्य र वाद्यका साथ प्रस्तुत गरिन्छ र जसमा कृष्ण वा रामको समग्र चरित्र गुँथिएको हुन्छ ।

**(ख) जातिको आधारमा**

जाति विशेषका आधारमा पनि यस क्षेत्रका लोकगीतहरूको वर्गीकरण गर्न सकिन्छ । ग्रामीण समाजमा फलानो गीत फलानो जात वा जातिले मात्र गाउने हो भन्ने धारणा प्रशस्तै पाइन्छ । उदाहरणका लागि माँगल गीत बाहुन समाजमा मात्र गाइन्छ । सोरठी, घाटु, नचरी प्रायः गुरुङ, मगरहरूले गाउँछन् । सारङ्गीको स्वरमा भट्याएर गीत गाउने चलन गाइने जातिभन्दा अरुमा पाइँदैन । ख्याली, चुड्का, रोइला आदिजस्ता गीतहरू पनि ब्राम्हण-क्षेत्रीले मात्र गाउने चलन छ । त्यसैगरी तीज गीत स्वास्नी मानिसले मात्र गाउँछन् भने दाइँ गीत लोग्नेमान्छेले मात्र । यसरी हेर्दा यस क्षेत्रका गीतहरू जातिका आधारमा पनि छुट्टिन्छन् ।

**(ग) कार्यको आधारमा**

स्याङ्जा क्षेत्र ग्रामीण समाज र कृषकहरूको समाज हो । यहाँका मानिसहरू आफ्ना काम गर्दा केही केही गीतहरू गुन्गुनाउने गर्छन् । उनीहरूका कण्ठले गुन्गुनाएका सुमधुर ध्वनिहरूमा लोकभाकाको गुन्जन पाइन्छ । गीत गाएर, गुन्गुनाएर उनीहरू आफ्नो श्रम हल्का पार्छन् । वातावरणलाई सङ्गीतमय र राम्रो तुल्याउँछन् । उदाहरणका लागि दाउरा, घाँस काट्न जाँदा बाह्रमासा, विरह र घाँसेगीत, रोपाइँ गर्न जाँदा असारे गीत, दाइँ गर्न जाँदा दाइँगीत गाइन्छन् । मंसिरमा असारे गाइन्न न त रोपाइँमा माँगल गाइन्छ । अतः कर्मको आधारमा पनि यस भेगका लोकगीत वर्गीकृत हुन सक्छन् ।

**(घ) उमेरको आधारमा**

मानिसको उमेरका तीन खण्डलाई आधार मानेर यस क्षेत्रका लोकगीतलाई पनि तीन भागमा बाँडन् सकिन्छ । बालगीत (लोरी र खेलगीत), युवागीत प्रेम प्रसङ्गका रोइला, झ्याउरे, दोहोरी आदि, वृद्धगीत (स्तुतिमूलक गीत वा भजन) ।

**(ङ) प्रस्तुतीकरणका आधारमा**

लोकगीत विभिन्न तरिकाले प्रस्तुत गरिन्छ । कुनै गीत मादलका तालमा गाइन्छ भने कुनै गीत खैंजडी र मुजुराका साथमा गाइन्छ । साथै गाइने गीतको लागि सारङ्गी अनिवार्य नै हुन्छ । त्यसैगरी एक्लै गाइने, समूहमा गाइने, प्रश्नोत्तरका रूपमा गाइने आदि गीतहरूलाई प्रस्तुतीकरणको आधारमा वर्गीकरण गरेर अध्ययन गर्न सकिन्छ ।

**(च) लय छन्दका आधारमा**

स्याङ्जाको यस क्षेत्रका लोकगीतलाई प्रस्तुतिमा विविधता भए झैँ लय वा छन्दका आधारमा पनि एक अर्कासंग छुट्याउन सकिन्छ । लयका धेरै प्रकार हुन्छन् - छोटो भाका, लामो भाका, ठाडो भाका, घुमाउरो भाका आदि । माँगललाई झ्याउरेको भाकामा गाउन सकिन्न न त नचरीलाई रोइला झैँ गाउन सकिन्छ । खाँडोको भाका र तीजै गीतको भाकामा अन्तर छ । एउटा मर्मज्ञ लोकगायकले स्वरको (लयको) आधारमा गीतको प्रकृति र प्रवृत्ति छुट्याउँछ ।

**(छ) रसभावको आधारमा**

यस क्षेत्रका गीतहरूलाई रसका आधारमा पनि छुट्याउन सकिन्छ । हुन त रस शास्त्रीय कुराहरूसँग लोकगायक वर्ग त्यति परिचित नहुन सक्छन्, तैपनि उनीहरूको हृदयबाट उद्गारित गीतहरूमा रस आएका हुन्छन् । विभिन्न परिवेश तथा परिस्थितिले विभिन्न रस, भाव उत्पन्न गराइदिन्छन् । लेकगीतमा शृङ्गार, वीर, करुण, हास्य, शान्त आदि रस देखिन्छ । रोइला, चुड्का, भ्याउरे गीतरुहमा शृङ्गार रस, खाँडो जगाउने गीतहरू रस, विरही गीतहरूमा करुण रस त्यसै गरी भजनमा शान्त रस पाउन सकिन्छ ।

**४.३ मिर्मी क्षेत्रमा प्रचलित लोकगीतका प्रकार**

मिर्मी क्षेत्रमा लोकगीतका प्रकार प्रचलित छन् । तीमध्ये खास गरी संस्कार गीत, ऋतु वा पर्वगीत, अनुष्ठानगीत, श्रमगीत, सदाबहार गीत, बालगीत र लोकपद्य (सिलोक) मुख्य छन् । यहाँ यिनको क्रमशः चर्चा गरिन्छ ।

### ४.३.१ संस्कार गीत

संस्कार शब्दले परिष्कार, परिमार्जन वा शुद्धीकरण भन्ने अर्थ बुझाउँछ । हाम्रो समाजमा वस्तुहरूको मात्र होइन मान्छेको पनि संस्कार गरिन्छ । गर्भाधानदेखि लिएर मृत्युपर्यन्त विभिन्न संस्कारहरू गर्ने गराउने परम्परा छ । हरेक संकारमा गरिने विधि र व्यक्त गरिने भावना भिन्नाभिन्नै हुन्छन् । ती भावनालाई गेयात्मक रूपमा प्रस्तुत गरिने चलन पुरानै हो । यस्ता भावनाहरू गेयात्मक रूपमा लोकजीवनमा गाइने हुनाले यिनलाई लोकगीतकै श्रेणीमा राखिएको हो । सहरी वातावरण शिक्षा, दीक्षा र आधुनिक सभ्यताको विकासले गर्दा यस्ता चलनहरू विस्तारै-विस्तारै हराउँदै जान थालेका छन् । नेपालको पश्चिमी भेगको तुलनामा पूर्वमा यस्ता रीतिरिवाजको अस्तित्व कम देखिन्छ । कर्णाली प्रदेश र सुदूर पश्चिमाञ्चलतिर अझै पनि जन्म, नामकरण, अन्नप्राशन, चूडाकर्म, व्रतबन्ध, विवाह आदि संस्कारहरूमा र ती क्षेत्रमा स-साना क्रियाहरूमा समेत भिन्नाभिन्नै गीतहरू गाइन्छन् । स्याङ्जा जिल्लामा र मिर्मी क्षेत्रमा विवाह व्रतबन्धमा मात्र माँगल गाउने चलन छ । यी बाहेक अन्य कुनै पनि संस्कारमा त्यस्तो कुनै गीत गाउने गरेको पाइँदैन । माँगल गाउने चलन बाहुन समाजमा मात्र प्रचलित छ । माँगललाई माहल पनि भनिने गरेको पाइन्छ ।

#### ४.३.१.१. माँगल

'मंगल' शब्दबाट 'माँगल' वा 'माहल' शब्द बनेको हो । वैदिक सनातन धर्मावलम्बी हिन्दूहरूका हरेक शुभकार्यमा मंगल गीत गाउने चलन छ । यो परम्पराको थालनी ऋग्वैदिक कालदेखि भएको हो । त्यो परम्परा अन्य ब्राह्मण ग्रन्थ र वेदहरूमा पनि बस्यो । उपनिषद्, पुराण हुँदै वर्तमान समयसम्म पनि माँगल गाउने परम्परा जीवित छ । स्याङ्जाको यो क्षेत्र अत्यधिक ब्राह्मण क्षेत्रीको क्षेत्र भएकोले माँगल गाउने परम्परा आजसम्म पनि जीवितै छ । विवाह तथा व्रतबन्धको अघिल्लो दिन यहाँ कसार बटार्ने परम्परा छ । कसार बटार्ने दिनदेखि विवाहमा दुलाहा निस्कँदा, दुलही भित्र्याउँदा, व्रतबन्धका दिनमा पनि माँगल गाइन्छ ।

**(क) कसार बटार्दा गाइने माँगल**

सुनै के र खँडकरी रूपै के सिनकी ।
दुवै दिदी बहिनीले गणेशै भुटाइ ॥
गणेशै र भुट्दा भुट्दै बाहुली मेरो गल्यो ।
कति द्यौला मेरा बाबा गणेशैको नेग ॥

(अधिकारी, २०५७:४१ )

**(ख) व्रतबन्धमा गाइने माँगल**

सानो चित्त, सानो मन जनीगर आमाले
बारम्बार हुने छैन हमरैरकरिम ।
दशै दिशा डुलिसके दशैमुठी ल्याउँला
के ख्वाई पालम् गुरु बाबा, के खाई बसम् हामी ।

(अधिकारी, २०५७:४१)

मिर्मी क्षेत्रको सेरोफेरोका बस्तीहरूमा परम्परादेखि गाइने माँगल गीतमा रसरङ्गका प्रसङ्ग मात्र छैनन्, अपितु सम्बन्धित पात्रहरू दुलाहा-दुलही र व्रतबन्धको प्रसङ्गमा उनीहरूको जिम्मेवारीको साथै पारिवारिक जीवन पद्धतिमा इमान्दारीपूर्वक निर्वाह गर्नुपर्ने कुराहरूको प्रसङ्ग पनि प्रशस्त पाइन्छ । यस बाहेक विवाह प्रणालीमा भएको त्रुटिपूर्ण परम्पराको विरोध पनि करुण रसमा व्यक्त भएको पाइन्छ । यस्ता माहल गीतहरू समूहमा गाइन्छ । कुनै वाद्य यन्त्रको प्रयोग नगरी एकै स्वर, लयमा ढिलो भाकामा गाइने यस्ता गीतहरू समाजका वृद्ध पुस्ताले गाउने चलन छ ।

## ४.३.१.२ खाँडो

बाहुन जातिको विवाहमा माँगल गाइन्छ भने क्षेत्री ठकुरीको विवाहमा खाँडो गाइन्छ । यो गीत राजाहरूको प्रशस्ति भएको वीर रसपूर्ण हुन्छ । नेपालका शाहवंशीय राजाहरूका पुर्खा चित्तौडका राजपुतहरू हुन् । उनीहरू जुनबेला पश्चिमतिरबाट नेपाल पसे, त्यतिनै बेला तिनले आफ्ना कुल देवता, कुल परम्परा र कुलका हरेका शासकको मुख्य हतियार ‘खाँडो’ पनि ल्याएका थिए । ‘खाँडो’ भनेको खड्ग हो । ‘खाँडो जगाउनु’ भनेको खड्गमा धार लगाउनु हो । शाहवंशका पुर्खा जैन खानले खिलुङमा नुवाकोट राज्य स्थापना गरेपछि त्यही नै रणकाली (देवी) को पनि स्थापना गरी मन्दिरमा खाँडो जगाउने परम्पराको सुरुआत् गरेका हुन् (पन्त,२०२८)।

युद्धमा लड्न जाने सैनिकहरूमा वीरताको भाव उमार्न र विजयोत्सवमा खड्ग वा खुकुरी नचाएर गाइने खाँडो गीत विवाह जस्तो संस्कारमूलक कार्यमा किन गाउन थालियो यसको खास प्रामाणिक कारण नपाइए पनि पहिले-पहिले क्षेत्रीहरूमा कन्या पक्षलाई जिती कन्या अपहरण गर्ने तथा अपहृत कन्यालाई शत्रुबाट जोगाएर लानुपर्ने र त्यसका निमित्त लडाइँको पनि सम्भावना रहने हुनाले, लडाइँका लागि वीर जन्तीहरूलाई तम्तयार रहन वीरतापूर्ण खाँडो जगाउने परम्परा बसेको हो भन्ने एउटा मत प्रचलित छ । यो गीत विवाहमा सप्तपदी तथा सप्तर्षिहरूको पूजा गरिसकेपछि भट्याउन थालिन्छ । खाँडो

भट्याउनेले तरवार नचाउँदै विवाह मण्डपको ईशान कोठामा गाडिएको केराको थाम काटेपछि यो गीत सकिन्छ । जस्तै :

प्रथमम् गणेश पुन्य पुकार है
सावित साबुत माया कोखीसाला है
विजय सपना भए बनारसी बासा है
कोटी लिङ्ग, कोटी टेकु नारीको ढोका छेकु,
नजर पाटन, नियाँ नीति चौदण्डीको लापसाँध
हेटौंडाको जगर खाई फर्के राजा आफै घर
नेपालको पाए वर अब जाम्ला काशी है ।

(अधिकारी,२०५८)

स्याङ्जाको यस क्षेत्रमा यस्ता खाँडो जगाउने गीत पहिले-पहिले गाइए पनि आजभोली यसको प्रचलन लोप नै भएको छ । खाँडो जगाउने यस्ता गीतहरू विवाहको समयमा गाइन्थ्यो । एक-दुई पुराना पुस्ताका वृद्धहरू बाहेक अहिलेको नयाँ पुस्तामा यस्ता गीतको जानकारी समेत पाइँदैन ।

### ४.३.१.३ रत्यौली

रत्यौलीको सही अर्थ 'रात' मूल शब्दमा 'एली' प्रत्यय लागेर 'रतेली', 'एउली' प्रत्यय लागेर 'रतेउली' र 'यौली' प्रत्यय लागेर रत्यौली शब्दको निर्माण भएको देखिन्छ र सबैको अर्थ एउटै रातको समयमा मनोरञ्जनका लागि गाइने गीत भन्ने बुझिन्छ । विवाहको दिन दुलाहा अमाइसकेपछि दुलाहाका घरमा आईमाईहरू भेला भएर रातभर गरिने, स्त्रीपुरुषका बीचको प्रेमलीलामा आधारित नाचगान, अभिनय आदि रत्यौली हो । रातमा गरिने उत्सव भएकै कारण यसको नाम 'रत्यौली' रहन गएको हो ।

यहाँको संस्कृतिमा रत्यौली गीतले आफ्नै महत्व बोकेको छ । गाउँका सबै लोग्नेमानिसहरू जन्ती जाने, आइमाईहरू मात्र विवाहको घरमा जम्मा भएर स्वतन्त्रतापूर्वक गाइने गीत भएकोले यस गीतले नारी स्वतन्त्रता, स्वच्छन्दताको भाव बोकेको पाइन्छ । कतै कतै त यो स्वच्छन्दताले अत्यन्तै शृङ्गारिक र प्राकृत रूप पनि धारण गरेको पाइन्छ । काल्पनिक पोइ 'लुठो' बनेर यौनजनित काम कारवाही र स्वायत्तताको अनुभूति गर्ने काम यस समयमा हुने गर्छ । नितम्बको स्पर्श गर्ने, चिउँडो मुसार्ने, कुचमर्दन गर्ने र अँगालो मार्ने जस्ता काम पनि आइमाईहरू बीचमै हुने गर्छन् । पुरुषहरूलाई प्रवेश निषेध गरेर गाइने रत्यौली गीतमा नारी रोमाञ्चका आबाजहरू गुञ्जने गर्दछन् । एक उदाहरण :

भैयाले छयाईं छयाई गौरीदान ल्याउने बेला भो ।

हेर दाइ कमलको फूल, टिप दाइ डोलीमा चढेर ।

ल्याउँछ मेरा भाइले रातो डोली कत्ली गाई ।

उठ माया उज्यालो भयो, भाले बास्यो डाँडैमा घाम लाग्यो ।

यै हो भाउजू दाजीको घर, फूलको थुँगा राखेर ढोग गर ।

(स्रोत : सीता खनाल, पक्वादी-१)

### ४.३.२ ऋतु वा पर्वगीत

वर्षभरिका प्राकृतिक तथा मौसमसम्बन्धी विविधताका आधारमा १२ महिनालाई ६ वटा ऋततुहरूमा विभाजन गरिएको छ । मानिसमा प्रकृतिको प्रत्यक्ष तथा परोक्ष प्रभाव परिरहेको हुन्छ । यस प्रभावले उसका भावना र विचारमा पनि परिवर्तन ल्याउन सक्छ । यसले गर्दा प्रत्येक कालखण्डका गीतहरू भिन्नाभिन्नै पाराका हुन पुग्छन् । यस्ता गीतहरूलाई ऋतुगीत भन्न सकिन्छ, तर ऋतुगीतहरूको नामबाट भने कुनै गीतको पनि नामकरण भएको छैन । बरु महिनाको आधारमा असारे, भदौरे, मंसीर, फागुन आदि गीतहरू नामकरण भएका छन् । अतः ऋतुगीतको छुट्टै अस्तित्व नमानी त्यसलाई पर्वसँग जोडेर ऋतुपर्व गति भनिएको हो ।

समाजका हरेक जातिले आफ्नो जीवन सङ्घर्षलाई हलुको पारी पीर, व्यथा र वेदनाका भारीहरू बिसाई एकैछिन भए पनि रमाउन विभिन्न विश्रान्तिका क्षणहरूको व्यवस्था गरेको हुन्छ, जसलाई हामी पर्व भन्दछौं । हामी नेपाली वर्षभरिमा के-कति पर्व मनाउँछौ त्यसको लेखाजोखा छैन । यहाँ प्रत्येक जाति र वर्गले आ-आफ्नै प्रकारका पर्वहरू मनाउने गर्दछन् । स्याङ्जाको यस क्षेत्रमा पनि विभिन्न जाति तथा वर्गको मिश्रित समाज भएकोले यस भेगमा विभिन्न पर्वहरू आ-आफ्नै तरिकाले मनाइन्छ । यस्ता पर्वमा गीतहरू गाउने र नाच्ने परम्परा पुस्तौदेखि चल्दै आएको छ । त्यस्ता पर्व गीतहरू यस प्रकार छन् :

#### ४.३.२.१ तीज गीत

वर्षायाममा पर्ने नेपाली नारी को महान् पर्व हरितालिका तीजको अवसरमा गाइने गीत नै तीज गीत हुन् । विशेष गरी हिन्दू नारीले आफ्ना पतिको दीर्घायुको कामना गरे व्रत बसी पूजाआजा गरी तीजपर्व बनाउने गर्छन् । यस पर्वमा विवाह भएका छोरी चेलीलाई माइतबाट लिन जाने, तीजको अघिल्लो दिन सबै बसेर मीठा-मीठा परिकारहरू'दर' खाने र भोलिपल्ट निराहार बसी व्रत गर्ने परम्परा रहि आएको छ । नेपाली नारीले भोग्नुपरेको अभाव, पीडा, व्यथा, अन्याय आदिका आबाजहरू यस पर्वमा गुन्जने गर्दछन् । आफ्नो घरको

पीडा र व्यथाहरू माइतीमा गएर साथी-साथी जम्मा भई थपडी बजाएर गाउने र कम्मर मर्काउदै घुमी-घुमी नाच्ने यस पर्वले नारी जातिलाई ठूलो स्वतन्त्रताप्रदान गरेको महसूस हुन्छ ।

स्याङ्जाको यो मिर्मी क्षेत्र मध्यम वर्गीय बहुल समाज भएकोले यहाँका नारीहरूमा अनगिन्ती पीडा र व्यथाका कथाहरू छन् । घरमा सासुले बुहारीमाथि गर्ने व्यवहार, नन्द भाउजूको द्वन्द्व, पति पत्नीको असमानताको व्यवहार आदिले यस क्षेत्रको समाजलाई नराम्ररी प्रभावित पारेको छ । वर्तमान समयमा यस क्षेत्रका नारीहरू पनि केही शिक्षित र सचेत बनेकाले उनीहरूका गीतहरूमा परिवर्तनको स्वर पनि भेट्न सकिन्छ । यस क्षेत्रमा हुने विभिन्न प्रतियोगितामा तीज सम्बन्धी गीतहरूले विविधता पाएका छन् । नारी जातिको मुक्तिका गीतहरू गाउन थालेको भेटिन्छ, तर पनि नारीकै संवेदनाका आबाजहरूको प्रधानता यस क्षेत्रका तीज गीतमा रहेको पाइन्छ । तीजगीतका केही उदाहरण :

भित्र बाहिर गरे पनि रुचाउँदिनन् सासूले
रुँदा रुँदै पछ्यौरी यो भिज्यो आँसुले ।
यो घरको भाँडाकुँडा होटेलकै छ चाल
घाँस काट्न वन जाँदा कोरें कपाल ॥
छोरालाई दिनदिनै मास्टरको काखमा
हामीलाई दाउरा, घाँस वन पाखामा
तीज आयो भन्छन् सबै माइत जान्छन्
म छोरी अभागिनी कस्का माइत जाऊँ ?
वर्ष दिनको तीजमा बाबा लिन आउनुभयो
यो पापी नदीले छेक्यो बरिलै
कैले दुख्छ नारायणहिटी कहिले रुकुम रोल्पामा
कहिले बग्छ रगत भेल हाम्रै डोल्पामा
जो मरे नि नेपाल आमा धुरु धुरु रुनेछिन्
आफ्नै सन्तान गुमाउँदा दुखित हुनेछिन् ।

(शर्मिला बस्याल, मालुङ्गा,२)

माथि उल्लिखित गीतहरूमध्ये पहिलोमा पारिवारिक असमानताको चित्र भेटिन्छ । परिवारमा सासु-बुहारीका बीचको असमानतालाई उक्त गीतले छर्लङ्ग पारेको छ । त्यसैगरी

दोस्रो गीतमा नेपाली समाजमा विद्यमान छोरा र छोरी बीचको लैङ्गिक भेदलाई देखाएको छ । छोरालाई विद्यालयमा पढ्न पठाइने तर छोरीलाई घरमै काममा भुलाउने पुरानो चलनलाई यस गीतले अभिव्यक्ति गरेको छ । तेस्रो गीतमा विभिन्न कारणवश माइत जान नपाएकी चेलीका विरहहरू सुसेलिएका छन् । माइतीमा कोही नभएर घरमै सासूको टोकसो सहेर बस्न बाध्य चेलीले तीजको समयमा यस्तै गीतहरू गुन्गुनाउने गर्छन् । चौथो गीतमा नेपालको वर्तमान समसामयिक परिवेशको चित्रण गरिएको छ । हत्या र हिंसाबाट आक्रान्त नेपाल आमाका आँसुहरू गीत मार्फत पोखिएका छन् । स्याङ्जा क्षेत्रमा आयोजना गरिने विभिन्न तीज गीत प्रतियोगिताहरूमा यस्ता गीतहरू गाइन्छन् ।

### ४.३.२.२ भैलो

भैलो शब्द 'भलो' शब्दबाट विकसित भएको हो । भैलो गीतमा गायकहरूले दातालाई विभिन्न आशीर्वाद दिने हुनाले यसो भनिएको हुन सक्छ । शरद ऋतुमा पर्ने तिहार पर्वमा गाइने हुनाले यसलाई ऋतुपर्व गीतको क्रममा राखिएको छ । तिहारमा लक्ष्मीपूजाको दिनदेखि विभिन्न समूह बनेर मादल, खैजडी आदिको साथमा घर-घर गाउँदै हिँड्नुलाई स्याङ्जा क्षेत्रमा भैलो खेल्नु भन्दछन् । भाइटीकाको दिनदेखि भैलोको कार्यक्रम देउसीमा परिणत हुन्छ । भैलो एक किसिमको टुक्का गीत हो । यसमा कथानक हुन पनि सक्छ र नहुन पनि । यो समूह गीत भएकोले एक्लै एक्लै गाइन्न । समूहमा एकजनाले टुक्का भट्याउँछ र बाँकीले स्वर मिलाएर टुक्काको अन्त्यमा "भैलो" थेगो दोहोऱ्याउँछन् । यस भेगमा नारी पुरष दुवैले भैलो खेल्ने चलन छ । भैलो खेल्ने परम्पराको सुरुवात्को बारेमा एउटा किम्बदन्ती प्रचलित छ । प्राचीन कालमा देव-दानवको युद्ध हुँदा देवतालाई हराई दानवराज बली देवलोक र दानवलोकका एक छत्र राजा भए । पराजित देवताका चेलीहरूले दानवराज बलिसँग आज्ञा मागेर देवताहरू भएका ठाँउमा गई भैलो जगाएर आर्शीवाद दिएका थिए रे । चेलीहरूबाट आर्शीवाद पाएका देवताहरू भगवानको सहयोगले पुनः आफ्नो गुमेको देवलोकको राज्य प्राप्त गर्न सफल भएका थिए । त्यसै बेलादेखि दाजुभाईका सुख र समृद्धिका लागि चेलीहरूले आशीर्वाद दिने क्रममा यो भैलो गीतको परम्परा चली आएको हो (थापा र सुवेदी, २०४१)।

आज पनि चेलीहरू जम्मा भई घर-घर भैलो गाउँदै घुम्छन् । वर्तमान समयमा भने पुरषहरू पनि यसरी भैलो खेलेको देख्न सकन्छि । भापाशास्त्री बालकृष्ण पोखरेलले १५ औं शताब्दी अर्थात वि.सं. १४५०-६० तिरका जुम्लाका प्रथम खस राजा बलिराज नै यस भैली गीतका प्रेरणा स्रोत हुन् । भैलो र देउसी खेल्ने चलन यिनैले चलाएका छन् भन्ने तर्क व्यक्त गरेका छन् (पोखरेल, २०२०:७९)। जे होस् भैलो नेपाली संस्कृतिको एउटा अभिन्न अङ्ग र

नेपाली लोकगीतको एउटा विशिष्ट प्रकारका बन्न पुगेको छ । यस क्षेत्रमा पनि यस गीतले आफ्नो प्रभाव जमाउँदै आएको छ ।

### ४.३.२.३ देउसी

देउसी र भैलो एउटै पर्वमा गाइने गीतहरू हुन् । तिहारमा भाइटीकाको अघिसम्म भैलो र भाइटीकादेखि देउसी खेल्ने प्रचलन यस क्षेत्रमा छ । भाइटीकाको अघिल्लो रात १२ बजेसम्म भैलो र १२ बजेपछि नयाँ दिनको सुरुवात् हुने भएकोले देउसी खेल्ने प्रचलन यहाँ छ । देउसीको दिदीले भाइलाई यमराजको पञ्जाबाट बचाएको छुट्टै आख्यान पनि छ, तर यही आख्यानमा मात्र देउसी सीमित रहँदैन । समसामयिक विविध रोचक प्रसङ्गहरूलाई पनि कुशल देउसी गायकले टुक्काको रूपमा प्रस्तुत गर्छ । घरभेटीलाई फुर्क्याएर धेरैभन्दा धेरै भेटी वा सगुन उनीहरूबाट प्राप्त गर्ने लक्ष देउसेहरूले राखेका हुन्छन् । यसमा पनि एउटाले टुक्का भट्याउने र अरुले "देउसीरे" भन्ने प्रचलन छ । एउटै पर्वमा गाइने भए पनि भैलो र देउसीमा केही मौलिक अन्तर देखापर्छ । रहनी वा थेगो लगायत टुक्का र त्यसको भाका पनि यसमा भिन्न खालेको हुने गर्छ । भैलो चार पाँच दिनसम्म पनि खेलिन्छ भने देउसी १ २ रात मात्र खेलिन्छ । वर्तमान समयमा देउसी भैलो खेल्ने परम्परामा केही परिमार्जन देखिँदै आएको छ । मादल बजाउँदै भट्याउँदै गाउनुको सट्टा विभिन्न विद्युतीय उपकरण, रेडियो, टेप आदिका माध्यमबाट नाच्ने प्रचलन बढ्दै गएको छ । जेहोस् देउसी भैलो नेपाली लोकगीतको एउटा धरोहर हो । यसमा मौलिकता र आफ्नोपनका छापहरू यत्रतत्र भेट्न सकिन्छ । उदाहरणको लागि एउटा देउसी गीतको केही अंश :

| | |
|---|---|
| ए भन भन भाइ हो | देउसीरे |
| ए वर्षै दिनको | देउसीरे |
| तिहारैमा | देउसीरे |
| ए रातो माटो | देउसीरे |
| चिप्लो बाटो | देउसीरे |
| लोट्दै र पट्दै | देउसीरे |
| केराको खम्मा | देउसीरे |
| दशजना जम्मा | देउसीरे |

### ४.३.२.४ फागु (होरी)

नेपाली ऋतुपर्व गीतको क्रममा फागु (होरी) को पनि विशेष स्थान छ । यस चाडका पछाडि पनि लामो परम्परा, पौराणिक कथा र किम्बदन्तीहरू जोडिएका छन् । कहीँ

हिरण्यकश्यपुकी बहिनी होलिकासँग यसको प्रसङ्ग जोडिएको कथा पाइन्छ भने कहीँ भगवान् शङ्करले कैलाशमा आयोजना गरेको दिव्य नृत्यगायनसँग यसको सम्बन्ध भएको मान्यता पाइन्छ । यो उत्सव नेपालमा मात्र होइन, भारत लगायत एसियाली मुलुकमा र युरोपीय मुलुकमा समेत मनाइन्छ । । नेपालका प्रायः सबै क्षेत्रमा विशेषतः तराई क्षेत्रमा यो पर्व विशेष उल्लासमय एवम् रङ्गीबिरङ्गी वातावरणमा मनाइन्छ । शिशिर ऋतुको अवसान र वसन्तको आगमनको मनोरम बेलामा पर्ने होरी पनि विभिन्न भाव र भाकाका सङ्गीतमय उद्गार बोकेर आउँछ । यद्यपि फागुन शुक्ल अष्टमीदेखि पूर्णिमासम्म आठ दिन होलास्टक हुने कुरा लेखिएको पाइए पनि यस क्षेत्रमा एकादशीदेखि पूर्णिमासम्म यो पाँच दिनसम्म सम्पूर्ण गाउँघर पञ्चैबाजा र मादलको तालले गुन्जायमान हुन्छ । यी गीतहरू, अरु गीतभन्दा भिन्दै खालका हुन्छन् । यस भेगमा गाइने होरी गीतमा आख्यान तत्व पाइन्न । लोकगीतका क्षेत्रमा होरी गीतको भूमिका मुक्तक काव्यको सरह हुन्छ । उदाहरणको लागि फागुका केही गीतहरू प्रस्तुत छन् :

गुरदौली फूल फुल्यो मगमग चल्यो वासना
आ.....रस लिन आ.....भैया रस लिन आ...
पानी असिना हो पानी असिना
राजाको फागुलाई देओ दक्षिणा
होरी होरी भनिदेऊ, वर्षको यो शुभचाडमा
रमाउँदै गाउँदै आएको हजुरको दैलो दैलामा ।
होरी खेलन फाउ खेलन
होरी खेल्ने केटा–केटीलाई देउन दक्षिणा आदि ।

(स्रोत : रमेश बस्याल, मालुङ्गा,२)

यस्ता होरी गीतमा प्राकृतिक चित्रण पनि पाइन्छ । प्रतीकात्मक भाषाको प्रयोग हुन्छ । माथिको उदाहरणमा गुरदौली फूल फुलेर वासना चलेको समयमा भँवरालाई डाकिएको छ । त्यस गीतले प्रतीकात्मक रूपमा यौवनको वासना लिन आफ्नो प्रेमीलाई डाकिएको पनि हुन सक्छ ।

### ४.३.२.५ मालश्री/मालसिरी

मालश्री विभिन्न राग सँगालेर गाइने पर्वगीत हो । नेपालमा दसैं लागेपछि मालश्रीको गाउन सुरु हुन्छ । यो गीत वास्तवमा दुर्गादेवीको स्तुतिगान हो । विभिन्न चाडपर्वको आ-आफ्नो समय भए जस्तै मालश्री गीत तीजको ऋषि पञ्चमीपछि आश्विन कृष्ण पक्षमा र

शुक्ल पक्ष बडा दसैँको नवदुर्गामा पुरुषहरूको जोडी मिलेर गाइन्छ । कतै-कतै पुरुषहरूका साथमा स्त्रीहरूले पनि यो गीत गाउने गरेको पाइन्छ ।

स्याङ्जा भरि धेरै पहिलेदेखि मालश्री गाउने चलन रहेको र आजभोलि यसको प्रचलनमा कमी देखिए पनि यस क्षेत्रमा यसको आफ्नै मौलिक परम्परा अद्यापि छ । यहाँका ब्राह्मण क्षेत्री समाजमा यसको प्रचलन बढी छ । यो गीत वाद्यरहित पनि हुन सक्छ । त्यस यसका साथ हार्मोनियम र सारङ्गी को प्रयोग गरिन्छ । दसैँका समयमा यहाँका गन्धर्वहरूले घर-घरमा गएर सारङ्गी रेटी मालश्रीको राग अलाप्ने चलन कताकति छ । यस क्षेत्रका गन्धर्व समुदायले यस्ता गीत गाउँन छाडेको बताउँछन् । मालश्री गीत जोसुकैले गाए पनि खास गरी दुर्गापूजाको समयमा दसैँ घर, कोटघर, पूजा कोठाहरूमा पूजापाठका बेला गाइन्छ र अन्तमा प्रसाद स्वरूप रक्त चन्दन, फूल आदि लगाउने प्रचलन छ । यस क्षेत्रमा प्रचलित पुराना केही मालश्रीहरू यसप्रकार छन् :

देवी माई दुर्गा भवानी तीन त्रिलोक सुधारनी है<br>
प्रथम देवी माई जनम लियौं ज्योति जगगायौ<br>
आहा देवी तिमी हौ भवानी है ।

(स्रोत : रमेश बस्याल, मालुङ्गा,२)

### ४.३.३ अनुष्ठान गीत

नेपाल धार्मिक सहिष्णुताको मुलुक हो । यहाँका अधिकांश जनता सनातन हिन्दू धर्मका अनुयायी छन् । हिन्दूइतर धर्मावलम्बीहरू पनि हिन्दू संस्कृतिलाई सम्मान गर्दछन् । हिन्दू धर्मका विविध पक्षहरूमध्ये साधना पक्ष पनि एक हो । व्रत उतसव साधनाकै अङ्ग हुन् । व्रतहरूबाट शारीरिक, मानसिक निरामपता र आध्यात्मिक समुन्नित हुने कुरा हिन्दूशास्त्र बताउँछन् । हाम्रो समाज नै धार्मिक भावनाले ओतप्रोत छ । वर्षभरिमा पचासौं व्रत र उत्सवहरू हामीकहाँ हुने गर्छन् । ती मध्ये सबै एकादशी र पूर्णिमाहरू, श्रीकृष्णाष्टमी, रामनवमी, शिवरात्री, ऋषि पञ्चमी (तीज) ग्रहणहरू, स्वस्थानी, कालरात्री, बाजे बज्यैको पूजा, सप्ताङ्ग-पुराण, सत्यनारायणको पूजा, अर्घौ आदि मुख्य छन् । यी व्रत उत्सवहरूमा पूजा आजाका साथै विभिन्न प्रकारका धार्मिक भजनहरू तथा सांस्कृतिक महत्त्वका लोकगीतहरू गाइन्छन् । व्रत, उत्सव अनुष्ठान सम्बन्धी गीतहरूमा भजन, कीर्तन, कौरा, नचरी, चुड्का आदि प्रमुख छन्, तर व्रत उत्सवका दिन रात्रीमा जाग्राम बस्नुपर्दा आगन्तुक तन्नेरी तरुनीहरूको जमात उपर्युक्त गीतमा मात्र सीमित रहन्नन् । त्यहाँ दोहोरी छेडिन्छ, झ्याउरे, चुड्का र रोइला रन्किन्छ ।

### ४.३.३.१ भजन, कीर्तन

भजन र कीर्तन दुवै धार्मिक गीत हुन् । भजनमा कथानक वा आख्यान हुन्छ, तर कीर्तनमा त्यो हुँदैन । भजनमा भगवान्‌का सगुण लीलाको र निर्गुण रूपको पनि वर्णन हुने गर्छ भने कीर्तनमा कुनै खास ईश्वरीय रूपको नाउँ बारम्बार दोहोर्‍याउने काम हुन्छ । कीर्तनमा भाका र ताल बाहेक विषयवस्तु र थेगो लगायत अरु कुनै कुरामा नवीनता पाइन्न, तर भजनमा आउने नयाँ-नयाँ प्रसङ्गले नयाँ-नयाँ भावको उद्‌वेग श्रोता र गायकमा गराइरहन्छ ।

यस क्षेत्रका भजनहरू प्रायः रामकथा तथा कृष्णकथामा आधारित हुन्छन् । चार जनादेखि दस-बीस जनासम्मको भजन मण्डली हुन्छ । त्यसको एउटा गुरु हुन्छ । गुरुले टुक्का झिकेपछि अरुले त्यसैलाई छोपेर चिच्याई चिच्याई गाउँछन् । कसैका हातमा खैंजडी र कसैका हातमा मुजुरा रहन्छ । प्रायः सबैजसोले एक-एक ओटा वाद्य यन्त्र लिएकै हुन्छन् जसले गर्दा गायनमा बढी रौनक थपिन्छ ।

भजनका बीचबीचमा चुड्का गाइन्छ । चुड्का पनि भजनकै अङ्ग हो । नचरीमा ख्याली झैँ भजनमा चुड्का हुन्छ । यी दुवैले राग तालमा परिवर्तन ल्याएर गायक, श्रोता र दर्शकमा थप रोचकता र आनन्दको सञ्चार गराउँछन् । यहाँ प्रस्तुत छन् केही भजन, कीर्तन र चुड्काका नमुनाहरू :

**भजन**

जय जय माधव राई राई
आरती की जै करुणानिधि

❖❖

पृथिवीमा जन्म लियौ मत्स्य रूप धारी
मार्‍यौ शङ्खा सुरलाई ।
चारै वेद हातमा उतार्‍यौ
ब्रम्हालाई वेद दिलाई । जय जय माधव राई राई ॥१॥

❖❖

पृथिवीलाई जन्म लियौ कूर्म अवतार,
पृथिवी उच्चा बनाई ।
समुद्र मथी मथी लक्षिमी देखायौ,
विष्णुलाई राज चढाई ॥ जै जै माधव राई......॥२॥

**कीर्तन**

श्रीकृष्ण गोविन्द हरे मुरारे, हे नाथ नारायण वासुदेव

राधेश्याम, राधेश्याम, श्याम-श्याम, राधे-राधे

राधेकृष्ण-राधेकृष्ण, कृष्ण-कृष्ण, राधे-राधे ।

(स्रोत : नारायण भट्टराई, कृष्णगण्डकी,८)

### ४.३.३.२ नचरी

नचरी एक प्रकारको पौराणिक गाथा गीत हो । खास गरेर राम वा कृष्णको लीलाकथा यसको विषयवस्तु हुन्छ । पौराणिक भए पनि गुरुङ्ग मगरले यसलाई आफ्नो संस्कृतिमा पचाएका छन् । नचरीलाई लोकगीतको बृहत रूप मान्न सकिन्छ । यो नृत्यगीत विशेष गरेर दसैं, तिहार, तीज, पूर्णिमाका व्रतहरूमा, कुल देवताको पूजामा, सत्यनारायणको व्रत पूजामा, एकादशीका व्रत पूजामा वा त्यस्तै जाग्राम बस्नुपर्ने व्रतोत्सवहरूमा प्रस्तुत गरिन्छ । यस बाहेक कर्ताको रुचि अनुरूप संस्कारमूलक अवसर जस्तै- छैटी, पास्नी आदिमा पनि नचरीको आयोजना हुन सक्छ । जस्तै :

हा...आआ.....हो......, कदमको गाँजै बसी मुरली बजायो किरिस्न

हा...आआ.....हो........., मुरलीको शब्दै सुनी गोलेनी दरशन आए

हा.....हा.....हा.....हो......, चन्द्र मलीको गाईको गोठ कहीं र कहीं होल्य

हा.....हो........हो, सुन कहे तगारो रूप कहें फरिको

हा.....हा.....हो.....हो......देखोन्मादेखो के हो र जस्तो

हो......हो.....हो देखोमा हो रे नन्दलाल । (स्रोत : रमेश बस्याल, मालुङ्गा,२)

यस्ता गीतहरू समूहमा गाइन्छन् । लामो स्वरमा पहिल दा हा...आधा....हो, भनिसकेपछि समूहले गीत गाउन सुरु गर्छन् र त्यही सुरमा नाच पनि हुन्छ । यसको प्रत्येक चरणमा ख्यालिको प्रयोग हुन्छ । यो नाच, कथानक, स्वर, राग, वाद्य र नृत्य-अभिलेख समेतको मिश्रणले गर्दा निकै मनमोहक लाग्दछ ।

### ४.३.३.३ कौरा

मिर्मी क्षेत्रको लोकगीतको अर्को एउटा महत्त्वपूर्ण नृत्यगीत कौरा (कौडा) हो । बैशाखे पूर्णिमा, मंसिरे पूर्णिमा कालरात्री आदिका अवसरमा कौरा नृत्यगीतको आयोजना

हुन्छ । कौरालाई विशेषतः मगर संस्कृतिको अङ्ग मान्ने गरिन्छ । यो गीतमा कुनै देवी देवताको चरित्र गाँसिएको पाइन्न र आख्यान तत्त्व पनि हुँदैन । सांस्कृतिक विशेष झल्काउँदै शुद्ध मनोरञ्जन दिनु यस गीतको मूल लक्ष्य हो । पाँचदेखि दसजनासम्मको गायक मण्डली हुन्छ । सबैका हातमा खैजडी मुजुरा रहन्छ । भजनमा झैँ यसमा पनि मादलको सट्टा खैँजडी बजाइन्छ । पाँचजना नर्तक नर्तकी मध्ये तीनजना पुरुष र तीनजना स्त्री नर्तकीहरू घुमीघुमी, ठाउँ साटीसाटी, शरीर मर्काई-मर्काई अनेक भावपूर्ण मुद्रामा नाच्दछन् । गीत नृत्य दुवैको चाल छिटोछिटो र जोसिलो पाराको हुन्छ । उदाहरण :

हा हा नानी त रैछौ हाम्रै दाँवली
काँ हो नानी तिम्रो घर, काँ हो माइती मावली
हा हा नानी त रैछौ हाम्रै दाँवली

❖❖

हा...हा त्यो फूल लाउने मलाई धोको छ
यो नानीको शिरको फूल जुठो छ कि चोखो छ
त्यो फूल लाउने मलाई धोको छ

❖❖

हा हा मगम ग चल्यो वासना
यो नानीको शिरैमा इन्द्रकलम फूल फुल्यो
मग मग चल्यो वासना
हा हा मगमग चल्यो वासना ।

(स्रोत : वीरबहादुर थापा मगर, कृष्णगण्डकी, १)

कौरा गीत गाउँदा पहिले देवीदेवता पुकारेर गाइन्छ । यसपछि क्रमले भेटघाट, सन्चो-बिसन्चो, घरबार चिनाजानी आदि गरी मायाप्रेमको कुरा गरिसकेपछि विदाइ गरिन्छ । कौरामा खास यिनै गीत गाउने भन्ने नभए पनि व्यवहार चालचलन सुख-दुःख र शृङ्गारिक गीत बढी गाइन्छन् । कौरा गीत सबैले खुल्ला रूपमा गाए पनि ताल नबिग्रोस भन्नाका लागि ताल काट्ने एक जनाले नेतृत्व गरेको हुन्छ । कौरा गाउँदा पहिलेको चरण सरस्वतीको शरण भनेर सुर गरिन्छ । कौराको बीचमा गाइने छोटो लयको झ्याउरे हुन्छ जसलाई खुरखुरे भनिन्छ यसमा केटीहरू खुरुर्र दौडेर नाच्दछन् । यसरी नै बीच-बीचमा हास्य रसका अन्याय प्रदर्शन पनि गर्ने गरिन्छ ।

### ४.३.३.४ घाटु

घाटु बाह्रमासे नृत्यगीत हो । 'घाटु' लाई लोकसाहित्यका विद्वान्‌हरूले लोकनाटकका रूपमा पनि लिने गरेको पाइन्छ । यसमा गायनका साथ नृत्य तथा अभिनय पनि हुने हुँदा यसलाई लोक नाटकमा चर्चा गरिनु स्वभाविकै पनि हो । घाटुगीत प्रायः गुरुङ समाजमा समूह मिलेर गाउने र नाच्ने गरिन्छ । श्रीपञ्चमीदेखि उठाएर वैशाख पूर्णिमामा अन्त गरिने घाटु लगातार बढीमा सात-दस दिनसम्म चल्दछ । यसमा गाउने र नाच्ने प्रायः महिला नै हुन्छन् । यसमा एकजना गुरुमा वा गुरुबाउ रहन्छन् । उनले झिकेको गीतमा अरुले छोप्दै बस्दै गरेर घुमी-घुमी नाचिन्छ ।

घाटु अत्यन्तै रोचक प्रसङ्गले भरिएको गीत हो । यसमा नृत्य गर्ने कन्याहरूलाई 'घाटुसारे' र मादल  बजाएर माझमा नाच्ने पुरुषलाई 'बीजबारे' भनिन्छ । पहिरनका हकमा माझमा नाच्ने महिलाले सेतो पहिरन गर्छन् । मादलेले सेतो धोती र भोटो लगाएर टाउकोमा सेतो फेटा गुतेका हुन्छन । महिलाहरू एकै रङ्गका फरिया र मखमली चोली लगाउँछन् । कपाल फुकाएर फूल सिउरने र गहनाहरू लगाएर पटुकीको फुर्का अघि छोडेर फरियालाई जामाजस्तो गरी मुजा पारिन्छ ।

गुरुङहरूका घना बस्ती रहेका एकदुई ठाउँमा मात्र घाटुको अवशेष देखिए पनि धेरैजसो ठाँउमा यो हराएर गइसकेको छ । घाटु स्याङ्जाको एकमात्र ग्रामीण पर्यटकीय स्थल सिरुबारीमा प्रायः गाइन्छ । पर्यटकहरू गएको बेला यहाँ यस्ता घाटु, कौरा जस्ता नाचहरू देखाएर पर्यटकलाई मोहित पार्ने गरिन्छ । यसै गरी स्याङ्जाकै कोल्मा, जस्पुर र लामासँगका गुरुङ बस्तीहरूमा पनि यो नाच जीवित छ । जस्तै :

लिप हो रे मालीगाईको गोबर गङ्गा ले पानी
माली गाईको दूध घ्यू धुपै धारे देऊ
यो गाँउको नाउरङ्ग देवता आवैलो
देउचुली, वरचुली, हिमचुली देउता आवैलो
तीन कन्या माया पिरती लगैवो (लगाऊ) ।

(स्रोत : मानेन्द्र गुरुङ, तुलसी भन्ज्याङ, ४)

### ४.३.३.५ सोरठी

'सोरठी' पनि घाटु जस्तै प्रचलित कथानक नृत्यगीत हो । यस नृत्य गीतमा श्रीराम र कृष्णका लीला वा जन्मकथाको वर्णन भएको हुन्छ । मगर समुदायमा यो लोकनृत्य बढी प्रचलित छ । दसै तिहारपछि कार्तिक महिनामा चालेर बैशाखमा अन्त गरिने सोरठी

नृत्यगीत गाउँदा मन्दिरै बनाएर आरम्भ गरी अन्तमा त्यसलाई विसर्जन गर्ने चलन छ । यसको सुरु र अन्त पनि देवीदेवतालाई पुकारेर गर्ने गरिन्छ ।

सोरठी गाउँदा मादल र मुजुराको प्रयोग गरिन्छ । नाच्नेमा तीनदेखि पाँच जनासम्म हुन्छन् भने एक जना वा दुई जना गुरुबाउ हुन्छन् । यिनैद्वारा गीतको टुक्का झिकिन्छ र लामो पाराले गाउँदै गएपछि अरुले गीतलाई छोप्छन् । यस क्षेमा आजभोलि सोरठी गीतको प्रचलन त्यति पाइँदैन । स्याङ्जाका मगर बहुल गाउँहरू चित्रे भञ्ज्याङका करङ्स्वारा, ढुंगेठाँटी, ओरप्टे, किचनाश, सातुपसलको चिलाउनेखर्क, दमूँ, धनुवाँस, दिसिङ्कोट, पिंडिखोला आदि ठाऊँका पुराना पुस्तामा सोरठी गीत मुखैमा छन् । जस्तै :

देखमा देख घरकी माई बालै सुन्दरी बेटिया ।
झाँक्री पो हो कि पूयाँर हो कि छल्न पो लाग्यो कि ?
झाँक्री नहीं, भूयाँर नही बालै सुन्दरी बेटिया ।
भागी पो ल्यायो कि चोरी पो ल्यायो कि यही पापी कुमाले हो ?

❖❖

मागेको होइन, चोरेको होइन, जलै जमुनामा पाएको ।
हातैमा लेवर घरको माई सुन्दरी बालै ।
हातैमा लेवर घरको माई सुन्दरी बालै ।
हातैमा लेवर घरको माई सुन्दरी बालै ।
दूधै र पिआओ घरकी माई सुन्दरी बालै ।
पहिला सम्झौला चन्द्र, सूर्य,
उही पछि सम्झौला गुरुज्यू,
पातलको बासुकी नाग । (अधिकारी, २०५७:५०)
आकाशै बाँधौ, पातालै बाँधौ  बाँधौ चारै दिशा
पूर्वै बाँधौ पश्चिमै बाँधौ बाँधौ चारै दिशा ।

सोरठीका बारेमा एउटा किंवदन्ती पाइन्छ । जयसिंह राजाले सोह्रवटी रानी ल्याएका थिए । उनी सोह्रवटी रानीका बीचमा नाच्ने र मोजमज्जा गर्ने गर्दथे । यसरी नाच्दा गाउँदा कङ्गाल भएर राजाले नै श्रीमतीको शिरको फूल बेचेका थिए भनिन्छ । यिनै सोह्रवटी वा त्यसै सोह्रोटी हुँदै सोरठी भएको हो पनि भनिन्छ ।

### ४.३.४ श्रमगीत

नेपाल कृषि प्रधान देश हो । यहाँको ग्रामीण जीवन कृषि पेसामा नै आधारित छ । ग्रामीण क्षेत्रमा सहरमा जस्तो मनोरञ्जनका विविध सामग्रीहरू पनि हुँदैनन् । काम गर्दा चर्को घाम, वर्षाको पानी, असिना सबैसँग शरीरले सामना गर्नु पर्ने हुन्छ । बिहानदेखि बेलुकासम्म निरन्तर श्रम गर्दा थकाइ, अल्छी, भोक बिर्साउन उनीहरूले काम सँगसँगै विभिन्न हाँस, खेल, ठट्यौली तथा गीतहरू गाएर मनोरञ्जन लिने गर्छन् । कृषकका पसिना सँगसँगै गीतहरू पनि रोपेका हुन्छन् । आफ्ना दुःख यिनै गीतहरू मार्फत पोख्ने गरेका हुन्छन् । यस्ता श्रमगीतमा असारे, भदौरे, दाइँगीत आदि प्रमुख छन् ।

#### ४.३.४.१ असारे

असार कृषकहरूको कामको महिना हो । कृषकहरू असार रोपेर मंसिर फलाउँछन् । मानो खाएर मुरी उब्जाउने यस महिनामा कठोर परिश्रम गरेर खेती लगाउने काम गर्छन् । खेतमा रोपाइँ गर्दा आफ्नो थकाइ मेटाउन र मनोरञ्जन गर्न असारे गीतहरू सुसेल्छन् । रोपाइको समयमा रोप्ने खेताल्नीहरू, बाउसेहरू एक आपसमा हिलो छयापाछयाप गर्दै माया प्रीति साटासाट पनि गर्ने गर्छन् । तन्नेरी-तरुनीहरू जुहारी खेल्दै सबै खेतालाहरूलाई मनोरञ्जन प्रदान गर्दछन् । कतै कतै रोपाइँमा पञ्जै बाजा समेत बजाउने प्रचलन छ । स्याङ्जा क्षेत्रमा पनि माथि गाउँगाउँका कृषकहरू आँधी किनारका फाँटमा रोपाइँ गर्न झर्दा बाटोमा र खेतमा यस्तै गीतहरू गाएर सबैलाई आनन्दित पार्ने गर्दछन् । हातमा काम, गलामा, गीत, ओठमा मुस्कान र मनमा जोश लिएका यी लोक कलाकारहरू हिलो, माटो र ढुङ्गासित मितेरी गाँस्तै आफ्ना मनका अभिव्यक्तिहरू सरल, सहज र सरस पाराले गुन्जाउने गर्छन् । जुन कालिदासका कोमल पदावलीयुक्त कविताभन्दा कति कम छैनन् । यस क्षेत्रका असारे गीतका केही नमुनाहरू :

असारै मासको दब्दबे हिलो छुनलाई घिन लायो,
पातली नानीलाई फरिया किन्दा छबीस रिन लायो ।

❖❖

छुपुमा छुपु धानै र रोपे हातमा बीउ छन्जेल,
जे खानु खाइयो, जे लाउनु लाइयो आमाको जीउ छन्जेल ।

❖❖

धानै र रोपें छुपुमा छुपु असार मासमा
राजाकी बेटी म कन्ने केटी बाँच्नु छ आसमा ।

### ४.३.४.२ भदौरे

असारमा रोपेको धान र कोदो भदौतिर गोडमेल गर्ने अवस्थाको हुन्छ । खेतीबालीको वृद्धिको क्रम सँगसँगै लोकभाकाहरूमा पनि परिवर्तन देखापर्दै जान्छ । गोडमेल गर्दा लहरै स्त्री र पुरुष बारे विभिन्न गीतहरू गाउँदै आफ्नो कामलाई अगाडि बढाएका हुन्छन् । यतिबेला खेतमा घाँस र बारीमा कोदो फुल्न थालेको हुन्छ । विस्तार विस्तार वर्षाको आखिरी प्रहर लागेको र नेपालीको राष्ट्रिय पर्व दसैं सुरु हुने चरणको प्रथम याम हुन थालेको हुन्छ । पाखो खेतीको मस्तानीमा गुनगुनाउने झरीको लोकगीत हो भदौरे गीत । यस गीतमा वाद्ययन्त्रको आवश्यकता पर्दैन । आफ्ना कोकिल कण्ठलाई बिना बाजा प्राकृतिक मनोरमपूर्ण वातावरणमा दिल खोलेर प्रस्तुत गर्नु भदौरे गीतको विशेषता हो । एक उदाहरण :

भदौरे महिना मकै र खाउँला

मायालु चेली बसेको ठाँउमा पैताला फैल्याउँला,

शिरफूल भयो.................

आँधीखोला कत्ले माछा किनी खाउँला दामले

सुन शिरफूल माया................

कि र म आउँला निमरसै पारि कि आउँला कामले ।

### ४.३.४.३ मंसिरे (दाइँगीत)

मंसिर महिना कृषि पेसामा लाग्नेहरूको अत्यन्तै खुसीको महिना हो । आफूले असारमा रोपेको पसिना सुन जस्तै लहलह खेतमा झुलेको देख्दा उनीहरूको मन खुसीले नाच्न थाल्दछ । आफ्नो सपना साकार भएकोमा खुसी मनाउँदै धान भित्र्याउने क्रम जारी रहन्छ । धान काटेर कुन्यू बनाई त्यसलाई घरभित्र थन्काउने कामलाई दाइँ गर्नु भनिन्छ । दाइँ गर्दा विभिन्न भेगमा गीतहरू गाउँने चलन भए जस्तै यस क्षेत्रमा पनि दहेराहरू मीठा-मीठा गीतहरू गाएर मनोरञ्जन लिने चलन छ । गोरु खेद्ने खेदुवा र काम गर्ने दहेरा बीचमा गीतै गीतमा ठोकाबाजी चल्दछ एकातिर भने अर्कोतिर खेदुवाले गोरु धपाउँदा विभिन्न किसिमका टुक्काहरू भट्याउने गर्छन् जसमा सह र लञ्छिन बोलाउने खालका गीतहरू सम्मिलित हुन्छन् । केही उदाहरण :

मियोको टुप्पामा बसीहाल्यो कोइली

आजका दहेरालाई खिरको चोइली

लक्ष्मीका छोरा बरादो हो धेंनका नाति

सत्रभाइ छोरा बरादो हो काँधै माथि

सह ल्याऊ भाइ हो, माल मधेसको ह, ह, ह

दाइँ गर भाइ हो. ..... ।

### ४.३.५ सदाबहार गीत

यस क्षेत्रमा केही सदाबहार गीत गाइन्छन् । यस्ता गीतहरू बाह्रमासे खालका हुन्छन् । उदाहरणका लागि केही गीत –

घर मेरो ले ले हो रुन्छ मन बुझाउनी केले हो,

यतै आऊ मयालो, खरी घाँस काटौँला, ज्यान पातलो साटौँला

ज्यान त मेरो कौसीमा बसनी कर्म मेरो खरानी घसनी

❖❖

कति राम्रो चोलीको बुटा, पर्छु के रे न एता न उता

लाऊ माया झट्टै, पापी मन आतियो चौपट्टै ।

#### ४.३.५.१ प्रेमगीत

प्रेम मानव जीवनको आदिम प्रवृत्ति हो । प्रेमविहिन मानवको कल्पना नै हुन सक्तैन । यही प्रेम भावनाले मान्छेलाई कला, सङ्गीत र साहित्यतर्फ धकेलिरहेको हुन्छ । हाम्रो धार्मिक साहित्यमा पनि ईश्वरप्रेमका भावहरू समेटिएका हुन्छन् । कृष्ण र राधाको प्रेम, शिव र पार्वतीको प्रेम तथा राम र सीताको बीचको प्रेम आदर्श प्रेमका नमुना हुन् । नेपाली लोकगीतमा पनि अधिकांश क्षेत्र प्रेमगीतले समेटेको पाइन्छ । मायाप्रीतिको भोका, मायाप्रीतिमा धोका खाएका, अघाएका तन्नेरी तरुनीहरूको जमात नै प्रेमगीतका गायक हुन् । दोहोरी, रोइला, चुड्का/ख्याली आदिलाई यस क्षेत्रको प्रतिनिधी प्रेमगीत मान्न सकिन्छ । हुन त तीज, कौरा, बाह्रमासा गीतमा पनि प्रेमभाव प्रकट नहुने होइन तापनि विशुद्ध मायाप्रीतिमा आधारित गीतहरूको उल्लेख गर्नुपर्दा दोहोरी, रोइला तथा चुड्का ख्यालीलाई नै अगाडि सार्नुपर्ने हुन्छ । गीतको जीत हार सँगसँगै गायक गायिका बीच स्थायी सम्बन्ध गाँसिने सम्भावना पनि हुन्छ ।

#### ४.३.५.२ दोहरीगीत

गीतै गीतका माध्यमबाट प्रेमी-प्रेमिका, ठिटा-ठिटी, नायक-नायिका बीचमा हुने वार्तालाप वा प्रश्नोत्तरी नै दोहोरी गीत हो । यस्ता गीतहरू एउटा पाखामा काम गरेको गायकले गाएको सुनेर अर्को पाखाबाट जवाफ फर्काउने खालका पनि हुन्छन् भने कुनै मेला, पूजा आदिमा बसेर केटा-केटी बीचमा योजनाबद्ध तरिकाले गाइने गीत पनि हुन्छन् । त्यसैगरी आजभोलि विभिन्न प्रतियोगिताहरू पनि हुने गर्छन् । यस्ता प्रतियोगितामा निश्चित

समयमा निश्चित परिधिभित्र रहेर दोहोरी गाउने प्रचलन पनि बढ्दै गएको छ । स्याङ्जा क्षेत्रमा यस्ता तीनै किसिमका गीतहरू प्रशस्तै सुन्न पाइन्छ । रात दिन गीत गाएर गीतकै माध्यमबाट गीतमा हराई विवाह गरेका उदाहरण पनि यस क्षेत्रमा देख्न सकिन्छ । जस्तै :

माया खोज्दै दौडेर आको, सानु आँधीखोले नानीलाई भेट्टाको

सानु नरोऊ धेर्केर,

म आउँछु फर्केर सानु बस पर्खेर ।

न त तिम्लाई चिनेको जानेको, सानु मलाई पनि मायाले तानेको

सानु नरोऊ धेर्केर,

म आउँछु फर्केर सानु बस पर्खेर ।

माथिका गीतमा 'आएको' भन्नुपर्नेमा लय मिलाउनको लागि आको भनिएको छ । यसमा 'दौडेर आको' लाई दुई पटक भनिन्छ र 'सानु' भन्ने शब्द थेगोको रूपमा एउटा गीतमा तीनपटक प्रयोग भएको छ ।

**४.३.५.३ चुड्का/ख्याली**

प्रेमगीतको एउटा महत्त्वपूर्ण भाका चुड्का वा ख्याली पनि हो । हाँसखेलका रूपमा व्यक्त हुने युवा युवतीको सरस र प्रेमपूर्ण अभिव्यक्तिलाई ख्याली भनिन्छ । यो भक्तिप्रधान चुड्के भजनको शैलीसँग मिल्दछ तापनि यसको विषयवस्तु आमोद प्रमोद र प्रेम नै हुन्छ । चुड्के खयलीका दुई चरणमध्ये पहिलोमा छ मात्रा र दोस्रोमा सात मात्रा हुन्छन् । त्यसैमा अर्को एक चरण थपेर गाइयो भने त्यसलाई फेरि रोइला भनिन्छ । चुड्का वा ख्याली गीत दोहोरीका रूपमा पनि गाइन्छ । यस क्षेत्रमा हुने विभिन्न पूजा-आजामा पहिला भजन गाइन्छ र त्यसपछि जति जति रात छिप्पिंदै गयो उति उत युवा युवतीका चुड्के दोहोरी रन्किदै जान्छ । चुड्का ख्याली गीतको लागि विशेष गरी खैंजडी र मुजुराको प्रयोग गरिन्छ । चुड्काको एक उदाहरण :

केटा– मायाँ उतातिर

कर्के नजर मतिर –२

केटी– नजर तिमीतिरै

माया पनि तिम्लाई नै –२

चेतन कार्कीका अनुसार चुड्का ४ प्रकारका हुन्छन् । (क) भजन चुड्का, (ख) रोइलो चुड्का, (ग) झ्याउरे चुड्का, (घ) कौंडा चुड्का । भजन चुड्का बाहुन क्षेत्री समाजका

वृद्धहरूले गाउँछन् । रोइलो चुड्का युवायुवतीको बीचमा प्रेमगीतको रूपमा व्यक्त हुन्छ । भ्याउरे चुड्का पनि प्रेमगीत अन्तर्गत नै पर्दछ । यसलाई विशेष गरी गुरुङ, मगर समुदायका मानिसहरूले गाउने गर्छन् र कौडा चुड्का स्याङ्जाको पूर्वी भेगमा प्रचलित छ ।

### ४.३.५.४ रोइला/रोइलो

जीवनको अन्तर्मर्मलाई स'न्दर तथा रसिलो रूपमा अभिव्यक्ति गर्ने गीति धाराहरू मध्येमा रोइला लोकगीत प्रम'ख विधा हो (थापा, २०३०-१८०) । रोइला शब्दको ठीकठीक व्य'पत्ति गर्न गारो छ । तर पनि यो नेपालीको धात'सँग सम्बद्ध देखिन्छ । रोइलाको सम्बन्ध रुवानीसँग गाँसिएको पनि पाइन्छ (शर्मा र अन्य, २०६२:९४) । रोइला गीत चुड्का वा ख्यालीकै अलिकति विकसित रूप मानिन्छ । यसलाई दोहोरी वा एकोहोरीकै रूपमा दुवै विधिले गाउने गरिन्छ । चुड्का/ख्यालीका दुई चरणमा एउटा अर्को चरण थपेर रोइला गाइन्छ । रोइला विशेष गरी स्याङ्जाली लोकगीत नै पर्दछ । अन्य क्षेत्रभन्दा यस क्षेत्रमा रोइला गीतले आफ्नो स्थान धेरै पहिलेदेखि नै सुरक्षित राखेको पाइन्छ । दोहोरी वा एकोहोरी यस गीतमा प्रेम प्रसङ्गकै बाहुल्यता हुन्छ । यसमा शृङ्गार भाव नै बढीभन्दा बढी जुर्मुराएको हुन्छ । विभिन्न पूजा, आजा, व्रत-उत्सव, मेलापात तथा विभिन्न प्रतियोगितामा खैंजडी र मुजुराको साथमा रोइला गीत रन्किएको पाइन्छ। रोइला गीतलाई नै कतै कतै चुड्का भनिएको पनि पाइन्छ । तर रोइलामा तीन चरण हुन्छन् भने चुड्कामा दुईमात्र चरण हुन्छन् । पहिलो चरणमा छ अक्षर र दोस्रोमा सात अक्षर भएका दुई चरणका चुड्कालाई सात अक्षरको अर्को तेस्रो पाउ थपी रोइला बनाइन्छ । केही उदाहरण :

ए ... बोल न हजुर, बोली तिम्रो राम्रो छ,
सुन्ने इच्छा हाम्रो छ ।
ए.....बोलुँ भने पनि, बोली छैन लयालु
के बोलौँ खै मयालु ।
ए......रैछौ रन पनि, बालुवामा फूल पार्नी,
दुनियालाई भ्कुल पार्नी ।
ए......सत्ते धरोधर्म, अन्त आँखा लाः छैन,
तिमी जस्ती पा छैन ।
ए.....अलि यता सर, त्यता चिसो भैं भयो,
माया मारे भैँ भयो ।

ए....पीपलपाते ओंठ, झम्के रैछ बुलाँकी

नबोलेर पुग्ला कि ।

यस्ता रोइला गाउँदा सुरुमा 'ए...' भनेर लामो स्वर निकालिन्छ र बल्ल गाउन सुरु गरिन्छ । अक्षरको गणना गर्दा भने त्यस लामो स्वरको '......' लाई नगनी मूल गीतका अक्षर मात्र गनिन्छ ।

### ४.३.५.५ झ्याउरे

नेपाली लोकगीतको एउटा महत्त्वपूर्ण पाटो झ्याउरे पनि हो । झ्याउरे शब्द कसरी बन्यो भन्ने बारेमा विद्वान्हरूको बीचमा एकमत पाइँदैन । कसैले 'झामर', कसैले 'झुत्रे झाम्रेले गाउने गीत' कसैले 'झ्याउ' आदिबाट झ्याउरे शब्द बनेको कुरामा आ-आफ्ना तर्कहरू पेश गरेका छन् । शब्दको अर्थ जे सुकै भए पनि झ्याउरे नाउँ पाएका गीतहरूको प्रसिद्धि अरुको तुलनामा व्यापक छ । बाग्लुङका 'गोऱ्या सिरस' र 'मानवीर खत्री' लाई झाउरे लय-छन्दका प्रवर्तक मानिन्छ । अंग्रेजसँगको लडाइँका सन्दर्भमा गडवालतिर गएका यी युवाहरू सुगौली सन्धिपछि फर्की आउँदा सर्वप्रथम राङखानीमा बसेर गाएको भाका नै झ्याउरेको पहिलो नमुना हो ।

सुरुमा झ्याउरे एउटा भाका विशेष भए पनि हाल धेरै लय, भाका र छन्द झ्याउरे भित्र पर्दछ । यसैको एउटा भेद, लय, भाका र छन्द झ्याउरेभित्र पर्छन । यसैको एउटा भेद १६ अक्षरे छन्दले नेपाली साहित्यमा झ्याउरे छन्दको संज्ञा पाएको छ, यसै छन्दमा मुनामदन जस्ता उच्च काव्यात्मक मूल्यका रचनाहरू लेखिए । स्याङ्जाको यस क्षेत्रमा झ्याउरेको अत्यधिक प्रचलन छ ।

यहाँका मगर, गुरुङ समुदायमा तन्नेरी तरुनीहरूले मादलको तालमा गाउने एक किसिमको लय विशेषको गीतलाई झ्याउरे भनिन्छ । यसमा एक वा दुईजना लोग्नेमान्छेले मादल बजाउँदै गीतका टुक्का झिक्छन्, त्यसैलाई छोपेर स्वास्नीमान्छेहरू गाउँछन् । स्वरको किसिम र त्यसका आरोह अवरोहको अङ्कन लेख्य रूपमा गर्न सकिन्न । यहाँ एक नमुना दिइएको छ :

हा.. हातैमा लिउँला कलमै मसी लेखुँला भनेर

हा, लेखुँला भनेर..............

लेखुँला भनेर

आ.......ओ.......ओ.......खुँला........भ.........ने..........र.........ओ...........

यस्ता गीतमा तन्नेरी वा पुरुषले झिकेको गीतको अघिल्लो र पछिल्लो एक वा दुई पदलाई टिपी तरुनीहरू संयुक्त रूपमा उच्च र लामो स्वरले गाउँछन् । तर यिनीहरूले गाएको गीतका पदहरू छन् कि छैनन्, झ्वाट्ट बुझ्न गाह्रो पर्छ । गीतका शब्दलाई स्वरले किचेको हुन्छ । यस्ता गीतहरू व्रत, उत्सव, मेला, घाँस दाउरा गर्दा पनि विशेष रूपले गाइन्छ । यसमा मादलको विशेष भूमिका हुन्छ । काम गर्न लेक बेंसी गर्दा पनि यस्ता गीतहरू गाउँदै हिँड्ने गर्छन् । गुरुङ संस्कृतिको महत्त्वपूर्ण थलो रोदीमा यस्ता झ्याउरे गीत सँगसँगै नाच्ने पनि प्रचलन छ । लामो स्वर सँगसँगै बीचमा छिटो भाकाको चुड्का पनि गाउने गर्छन् यस्ता गायकहरू । जस्तै :

हे मयाले घर कता पऱ्यो, मैले माया लाउनलाई मन गऱ्यो ।

नाच नाच नाचकै राम्रो, मरी जाने जिन्दगी हो हाम्रो ।

खुट्टामा नेल परे पर्ला, झ्याउरेमा ननाची छाड्दिन ।

न तिम्ले न मैले देखने, माछी काँडे डौडेले छेकनी ।

झ्याउरे सँगसँगै स्याङ्जाको यस क्षेत्रमा विभिन्न भाकामा बाह्रमासा गीतहरू पनि गाइन्छन् । कुनै निश्चित नाउँले पुकार्न नमिल्ने, बेला बेलामा जन्मिदै हराउँदै गर्ने यस्ता गीतहरू मेलापात गर्दा, घाँस दाउराको समयमा, चौतारी र उकालीहरूमा प्रसस्तै गाइन्छ ।

### ४.३.५.६ बालगीत

सानो बालक डाँडीमा रुँदा समेत डाँडी हल्लाउँदै विभिन्न रागहरूले उसलाई लट्ठ पारी निद्रामा भुलाउँछ । यसरी कोक्रोदेखि चिहानसम्म नै हामीलाई सङ्गीतले प्रभाव पारिरहेको हुन्छ । बाल्यावस्थादेखि वृद्धावस्थासम्म आफ्नै-आफ्नै खालका गीतहरू गाइन्छन् । अवस्था अनुसार गीतको भावभूमिमा भने अन्तर पाउन सकिन्छ । बालगीत प्रायः खेलसँग सम्बन्धित हुने, युवावस्थाका गीत प्रेमसँग सम्बन्धित हुने र वृद्धावस्थाका गीतहरू धर्मसँग सम्बन्धित हुने गर्छन् । स्याङ्जा क्षेत्रको बालसंसारले पनि विभिन्न गीतहरू सिर्जना गरेको पाइन्छ । गाउँभरिका केटाकेटीहरू एउटा खुल्ला ठाँउमा जम्मा भएर खेल खेल्दै गाइने यस्ता गीतमा कुनै बाजागाजाको आवश्यकता पर्दैन, स्वच्छ एवम् पवित्र भावनाले उनीहरू गीत गाउँछन् । जात, धर्म, लिङ्ग केही भेदभाव नगरी उनीहरू नाङ्गैबुङ्गै गीत गाउँदै खेलेको खेल हेर्न अति रमाइलो हुने गर्छ । यस्ता बालगीतमा बाल आबाज, तोतेबोली मिसिएको हुन्छ । केही उदाहरणहरू :

तराबाजी लैलै

मामा आए घोडा,

माइजू आइन् डोली

पापा ल्याइन् सोली

दुधु माम सुपुक्क

काफल गेडी कुटुक्क

घाम पानी घाम पानी स्यालको बिहे

कुकुर जन्ती बिरालो भान्छे

बिरालाका छाउरा छाउरीले छोएको

खान्न खान्न खान्न ।

❖❖

यो घर कस्को आलेको

भित्र बाहिर टालेको

मैन बत्ती बालेको

छत्री बुन्न थालेको

नजानेर फालेको ।

❖❖

चीं मुसी चीं मुसी

तिम्रा दाजै, हाम्रा दाजै

माछा मार्न गाछन्

माछा मारी ल्याउँछन्

भरे घर आउँछन्

बाँडी चुँडी खाउँला है ।

**४.३.५.७ लोकपद्य (सिलोक)**

शास्त्रीय छन्दको अनुकरण गरेर लोकद्वारा रचित पद्यहरूलाई लोकपद्य भन्ने गरिन्छ । शार्दूलविक्रीडित, वंशस्थ, उपजाति आदि शास्त्रीय छन्दलाई पछ्याउने प्रयास भए पनि यिनमा छन्दका नियमहरूको पूर्णतः पालना भएको पाइँदैन । लोकगीतको हाराहारीमा लोकद्वारा रचिएर लोकगीतकै ढाँचामा गाइने हुनाले र सैद्धान्तिक आधार दिई छुट्टै विधाको रूपमा स्थापना नगरिसकिएको हुनाले लोकपद्यलाई लोकगीतकै चर्चाक्रममा उल्लेख गरिएको हो । यसलाई स्थानीय बोलीमा सिलक वा सिलोक उच्चारण गरिन्छ । यसमा लोकगीतको

जस्तो सरसता र प्रवाहमयता पाउन मुस्किलै पर्छ । विशेष गरी बाहुन समाजमा यस्ता लोकपद्यहरूको प्रचलन पाइन्छ । एक उदाहरण :

हे नानी तिमी त पहेंली पातली सेता चुँदारकी परी
हुन्छन् ता विधवा नाना तरहका रुन्छन् विलापै गरी
न तिम्रो शिरमा सिन्दूर रहिगयो न काखमा बालो रह्यो
न तिम्ले धनमा चइन गरि गयौ जोवान त यसै गयो ।

(पति मरेर बालखैमा विधवा हुन परेकी छोरीको विलौनामा आधरित)

## ४.४ मिर्मी क्षेत्रमा प्रचलित लोकगीतका विशेषता

मिर्मी क्षेत्रमा प्रचलित लोकगीतका विभिन्न विशेषता छन् । त्यस्ता प्रमुख विशेषता यस प्रकार छन् :

## ४.१ सामाजिक चित्रण

लोकसाहित्यले लोक वा समाजलाई नै प्रमुखता दिएको हुन्छ, समाज अनुसार भिन्नाभिन्नै हुनु पनि लोकसाहित्यको विशेषता हो । लोकगीतले समाजको भाषा, शैली, लयलाई टपक्क टिपेको हुन्छ । मिर्मेली समाज एउटा मिश्रित समाज हो । यसको शिरदेखि पुछारसम्म विभिन्न जातजातिको अवस्थिति रहेको छ । उनीहरूले गाउने लोकगीतमा पनि विभिन्नता पाइन्छ । यहाँका लोकगीतमा स्याङ्जाली समाजका सांस्कृतिक रङ्गहरू पनि पोतिएका हुन्छन् जुन रङ्गीबिरङ्गी हुने गर्छन् । परिवार समाजको अङ्ग हो । सामाजिक अध्ययनको प्रारम्भ परिवारबाटै हुन्छ । परिवारमा पति-पत्नी, बाबु-आमा, दाजु-भाइ, दिदी-बहिनी, छोरा-छोरी, सासु-बुहारी, नन्द- भाउजु, देउरानी-जेठानी आदि सम्बन्धका मानिसहरू एकै घरमा गोलबद्ध भएर बसेका हुन्छन् । यसरी एकै ठाउँमा बस्दा प्रेम, वात्सल्य, त्याग र सहयोगको सँगसँगै ईर्ष्या, द्वेष, क्रोध र असहयोगको भावना पनि एकैसाथ अगाडि बढिरहेको हुन्छ । स्याङ्जाली लोकगीतले यी सबै भावधारालाई आफ्नो विषय बनाएको पाइन्छ ।

मेरो माया काँ पुग्यो रुँदै,
पूर्व दिशा उज्यालो नहुँदै ।
तारा खसेको, कसरी बिर्सु म सँगै बसेको ।
काँ बसेर रुम धोको फेरेर,
मायाँ गाको मूल बाटो हेरेर ।
तारा खसेको, कसरी बिर्सू म सम्नै बसेको ।

नेपाली समाजमा जागिरको सिलसिलामा घर छोडेर विदेशतिर लाग्ने प्रचलन अत्यधिक छ । मिर्मेली समाज पनि त्यस प्रचलनबाट अछुतो छैन । यहाँका पुरुषहरू आफ्नै विवाहित पत्नी, बाबुआमा, छोराछोरी सबैलाई छाडेर आफ्नै देशका विभिन्न शहर तथा विदेशतिर लागेपछि पत्नीले पोखेको विरहका सुस्केराहरू माथिको गीतमा सुसेलिएका छन् । त्यसै गरी पतिसँगका असन्तुष्टिहरू पनि लोकगीतमा प्रशस्तै पोखिएका पाइन्छन् । जस्तै :

साहुको छोरो भनेर आको हो नि हामी त

लाउन दिदा जग्गा बेच्ने रैछौ स्वामी त

खेतबारी बेचेर कपड्ु किन्ने हो

भविष्यमा मर्ने हो कि माग्न हिन्ने हो ।

यस समाजका सासु बुहारीमा प्रेमभावभन्दा ईर्ष्या र द्वेषभाव प्रबल पाइन्छ । छोराको विवाहपछि बुढेसकालमा सुखको सास फेर्ने अभिलाषा बोकेका सासुहरू छोराले पत्नीलाई बढी माया खन्याउँदा उनीहरूको मातृत्व ईर्ष्या बनेर गर्जिन थाल्छ जसको असर बुहारीहरूले भोग्नुपर्ने हुन्छ । सासु हिजो आफू पनि बुहारी भएको यथार्थ बिर्सन्छन् भने बुहारीहरू भोली आफू पनि सासु हुने कल्पना पनि गर्दैनन् । यहाँको समाजमा सासु-बुहारी बीचको मतभिन्नता हाल आएर केही कमी देखा परे पनि केही समय अघिसम्म प्रबल रहेको थियो । घरका सम्पूर्ण कामहरू बुहारीले गर्नुपर्ने, खाना खाने बेलामा बचेको र श्रीमान् छाडेको 'पुरा' खाएर मात्र पेट भर्नुपर्ने बाध्यता यहाँका बुहारीले भोग्ने गर्छन् भने बुहारीको धाक, धम्की पनि सासुहरूले भोग्छन् । यस्ता दुवैथरीका पीडाहरू गीत बनेर पोखिन्छन् विशेष गरी तीजका गीतमार्फत् यस्ता सुस्केराहरू सुसेलिन्छन् ।

आजै र मैले दाउरा खोजें कमरु कस्,

स्याउला सराङ सुरुङ ढल्की सलाम बस् ।

बुहारीलाई खान दिदाँ कमरु कस्

ताउली कर्‍याङ् कुरुङ ढल्की सलाम बस् ।

बुहारीले पेटमा पटुका कसेर काम गर्नुपर्ने बाध्यताले उनीहरूको काममा पनि सुस्तता छाएको हुन्छ । उनीहरू भन्ने गर्छन्–

रातो पैसा सेतो छ दाम पनि

जस्तो खान्की उस्तै छ काम पनि ।

मिर्मेली समाजमा सासु-बुहारीको अतिरिक्त नन्द-भाउजु, देउरानी-जेठानी आदि बीचमा पनि विभिन्न कटुतापूर्ण व्यवहारहरू हुने गर्छन् । यस्ता व्यवहारबाट उत्पन्न

पीडालाई एक अर्कालेे गीतमार्फत् अभिव्यक्त गर्ने गर्छन् । घाँस-दाउरा गर्न वन जाँदा, वन, पँधेरो, चौतारी, भञ्ज्याङ आदि ठाउँमा यस्तै खाले गीत गुञ्जित भएको पाइन्छ । यसरी मिर्मेली गीतमा समाजका विभिन्न पक्षको चित्रण पाइन्छ । समाजका उच्च वर्ग र निम्न वर्गको चित्रण पनि पाइन्छ ।

## ४.२ राजनैतिक चित्रण

लोकगीत सामाजिक भावनाको मूर्त रूप हो भने राजनीति समाज वा राष्ट्रलाई सुव्यवस्थित, सुसङ्गठित, विकसित र सुरक्षित पार्न अपनाइने एक किसिमको सामाजिक व्यवस्था हो । समाज राजनीतिबाट अलग रहन सक्तैन । मानिस एउटा राजनैतिक प्राणी भएकोले उसमा राजनैतिक चेतना प्रत्यक्ष वा परोक्ष रूपमा रहन्छ । राजनैतिक परिवर्तन वा उथलपुथलबाट समाज प्रभावित बनेको हुन्छ । त्यसको प्रभाव लोकगीतमा पनि परेको हुन्छ । मिर्मेली लोकगीतमा पनि यहाँको समाजमा देखापरेका राजनैतिक उतारचढावहरूले प्रभाव पारेको छ । २००७ सालको क्रान्तिले यहाँका जनतामा पनि राजनैतिक सचेतता देखिन पुगेको हो । प्रजातन्त्रको स्थापनाले यहाँका जनतामा हर्ष र उमङ्गको वातावरण छाएको पाइन्छ । यो कुरा यहाँका लोकगीतबाट थाहा पाइन्छ । राजनैतिक प्रभाव देखिने लोकगीतको एक उदाहरण :

अहिलेको टेलिफोन तारले,<br>
ढाल्यो पिपल काँ बसौँ सितलु !

यो गीत २००५-६ सालतिर मोहन शमशेरको पालामा स्याङजामा टेलिफोन लाइन स्थापना गरेपछि गाइएको हो ।

धान कुटेर कनिका लाटीलाई<br>
सग्ला चामल काँग्रेसका पाटीलाई । नेपालैमा.....<br>
सिमसिम पानीमा हो.....<br>
सूर्यमा भोट हालौँ यसै पालीमा.....<br>
दाजु दिदी चुनावको बेला आयो सलल,<br>
रुख भएको बाकसमा टिकट खसाल ।

❖❖

काँग्रेसलाई भोटका ओइराला,<br>
प्रधानमन्त्री विश्वेश्वर कोइराला । नेपालैमा.....

२०४६ सालको आन्दोलनपूर्व पञ्चायती शासन व्यवस्थामा रा.पं.स.को चुनाव साथै इलाका सदस्यको चुनावमा विभिन्न चुनाव चिन्हहरू लिएर राजनैतिक कार्यकर्ताहरू मैदानमा उत्रने गर्दथे । राजनैतिक दलहरूमाथि प्रतबिन्ध लागेकाले एउटै पार्टीका व्यक्तिहरू कोट, परेवा, रेडियो, घडी आीद चुनाव चिन्ह लिएर देखा पर्थे । त्यतिबेलाको एउटा गीत-

परेवा चरी सिरमै रानी उडेर गैहाल्यो,

कोट भने सिरमै रानी लगाउन भै हाल्यो ।

२०४६ सालको राजनैतिक परिवर्तनपछि देशमा व्याप्त राजनैतिक अस्थिरता, भ्रष्टाचार, हिंसा, आतङ्कले यहाँको समाज पनि विक्षिप्त बनेको पाइन्छ । धेरै आशा र उमङ्गका साथ प्रजातन्त्र पुनर्स्थापना गरेर पहिलो पटकको आम सभामा स्याङजाली गायकहरूले यस्तो गीत गाएका थिए :

लाग्यो मलाई पुलिसको डण्डाले

जित्यो आखिर चारतारे झण्डाले

देशका राजनैतिक पार्टीहरूका होडबाजीका कारण देखा परेको अस्थिरता र तरल राजनीतिले यतिबेला लोकगीतमा पनि परिवर्तन देखा परेका छन् ।

सबै नेता आफ्ना-आफ्ना स्वार्थतिर लाग्दैनछन्,

देशका असल जनशक्ति विदेश भाग्दैछन् ।

हराइछन् ती ‘शान्ति’ अब खोज्दा कतै पाइन्न,

भ्रष्टाचारी दुराचारी हाम्लाई चाहिन्न ।

मिर्मेली लोकगीतमा राष्ट्रिय राजनीतिका साथै विदेशी राजनीतिको पनि प्रभाव परेको देखिन्छ । यस क्षेत्रका विभिन्न युवाहरू विदेशी पल्टनमा भर्ती हुने भारत, कार्गील, बर्मा, जर्मनी आदि देशमा हुने गरेका युद्ध राजनीतिबाट यहाँको समाज पनि प्रभावित छ । विदेशमा बम पड्केको खबर सुन्दा नेपाली आमाको मुटु पनि थर्किन्छ । श्रीमती नराम्रो सपना देख्न थाल्छिन् । केही गीतहरू :

आमैले सोध्लिन् कि खै छोरा भन्लिन्

रनमै छ रे भन्दिए...........

खोला खोला नहिँड्नु होला

जर्मनले खसाल्ला बमगोला

घर धानी बसे है ज्यानी, जानु पऱ्यो जर्मनको धावामा ।

खुकुरी भिरेर ज्यानी, जानै पऱ्यो जर्मनको धावामा ।

## ४.३ आर्थिक चित्रण

मानव जीवनको मूल आधार अर्थ हो । आर्थिक अभावले जीवनका विविध पक्षमा समस्याहरू उत्पन्न हुने गर्दछ । लोकगीतमा लोकजीवनका यीनै समस्याहरूको उद्घोष हुने गर्छ । पीडाका भाकामा जति संवेदना अरुमा पाइँदैन । धनी गरिब, उच्च वर्ग र निम्न वर्गका बीचका खाडलहरूमा लोकगीत गुन्जन्छन् । गरिब भए पनि लोकगीतका स्रष्टाहरूमा आशुकवित्व लुकेको हुन्छ । लोकस्रष्टा तुरुन्तातुरुन्तै गीत रचना गरेर सुनाउन सक्छन् । मिर्मेली समाज यस्तै गरिब, निमुखाको बाहुल्यता भएको समाज हो । निम्न वर्गीय समाजमा जति लोकगीतको सिर्जना उच्च वर्गमा हुन सक्तैन । यही वास्तविकताका कारण यस समाजका गरिब, निमुखा, शोषित वर्गले लोकगीतमार्फत आफ्ना मनहरू हलुका पार्ने गर्छन् । चैत वैशाखको चर्को घाममा अजङको भारी बोकेर उकालीमा चढ्दै भञ्ज्याङको चौतारीमा भारी बिसाएर एउटा ढाक्रे यस्तो गीत गुन्गुनाउँछ :

पानी पऱ्यो काँ पऱ्यो असिना,

शिरमा नाम्लो निधारमा पसिना ।

❖❖

ज्यान त मेरो कौसीमा बसनी,

कर्म मेरो खरानी घसनी ।

घर त मेरो पातीले बारेको

रुन मलाई कर्मले पारेको ।

❖❖

खटियैमा बसौली, दुध भात खाउली

रेशमी पटुकीले कम्मर कसौली

सुनको टुटी चाँदीको करुवा,

बसी बसी मै पानी भरुला ।

यस प्रकार मिर्मेली लोकगीतले समाजका सम्पन्न र विपन्न दुवै वर्गको चित्रण गरेका छन् । यस क्षेत्रका लोकगीतहरू दुखसुख दुवै क्षणमा गाइन्छन् । गरिबीले विदेसिएका युवाहरूको पीडा, घरमा बिछोड सहेर बस्नेहरू पीडा पनि यस भेगका लोकगीतको प्रमुख स्रोत हो ।

## ४.४ धार्मिक चेतना

मिर्मेलीहरू हरेक कामको सफलता र असफलतामा ईश्वरको हात रहने कुरामा विश्वास गर्छन् । धर्म र पापका प्रसङ्गहरू कुराकानीको क्रममा बेलाबेलामा उठ्ने गर्छन् । दुःख र सुखका समयमा ईश्वरको स्मरण पनि गर्दछन् । यो क्षेत्र अझ ग्रामीण क्षेत्र भएकाले यहाँ धार्मिक विश्वास प्रवल छ । अधिकांश ब्राह्मण, क्षेत्रीको बाहुल्यता रहेको यस समाजमा धर्म र कर्मका विभिन्न संस्कारहरू हुने गर्दछन् । यहाँका लोकगीतमा पनि यस किसिमको धार्मिक प्रविृत्तिको चित्रण हुने गर्दछन् । विभिन्न पूजाआजाको अवसरमा गरिने भजन-कीर्तन यस क्षेत्रको लोकगीत एउटा पाटो नै मान्न सकिन्छ । जस्तै :

रामलाई वनवास, भरतलाई रजाई ।

रामलाई वनवास, कैकेयीको ख्याललले ।

त्यसैगरी यस क्षेत्रका नारीले तीजको बेलामा पूजाआजा गर्दै यस्ता गाउँछन् :

नेपालका देवता अञ्जलि बाँधी बसेका,

कोही चेली सकौली देवतीको ध्यान ।

पाँचै वर्ष लागेथ्यौ फूलको सेवन गरेथ्यौँ,

हामी चेली सकौँला देवतीको ध्यन ।

फूलबारीमा बसौँला फूलको माला गाँसौला,

हामी चेली गरौला देवतीको ध्यान ।

कुन बेला जाउली, कुन बेला आउली,

कुन बेला गरौली देवतीको ध्यान ?

उदय जाउँला, अस्ताय आउँला,

मध्यानीमा गरौँला देवतीको ध्यान ।

यस भेगमा तिहारको अवसरमा गाइने देउसी-भैलो आदि गीतमा पनि देवी देवताको झलक पाइन्छ ।

## ४.५ प्रकृति चित्रण

नेपाल प्राकृतिक सम्पदाले विश्वकै नमुना लायक छ । यहाँका प्राकृतिक छटाले सबको मनलाई आल्हादित तुल्याइदिन्छ । प्राकृतिक वातावरणले यहाँको लोकगीतमा पनि प्रत्यक्ष प्रभाव पारेको पाइन्छ । यहाँका झरना, खोला, पहाड, वनजंगल आदिसँगै लोथुँगाहरू पुष्पित र पल्लवित हुने गर्छन् । प्राकृतिक सुन्दरताको साथै प्राकृतिक विषमता, दुर्घटनाले पनि नेपाली समाजलाई प्रभावित पारेको हुन्छ । डाँडा-काँडा, लेक-बेसी, वनपाखा आदिको प्राकृतिक चित्रण यस क्षेत्रका लोगगीतमा प्रशस्तै पाइन्छ । भञ्ज्याङ, चौतारी, देउरालीले यहाँका लोकस्रष्टाहरूलाई सिर्जनातर्फ अभिप्रेरित गरिरहेका हुन्छन् । केही उदाहरण :

डाँडै घुम्यो चिल,
नहुनी रैछ र साह्रै बस्यो दिल ।

तिम्लाई टाढा मलाई नि टाढा,
माछिकाँडै डाँडैमा घर सार ।
न तिम्ले न मैले देखनि,
माछीकाँडे डाँडैले छेकनि ।
छोरो रुँदै गोरखपुर रेलैमा,
आमा रुँदै गाउँबेंसी मेलैमा ।
भोलि यति बेला, चामल पैसा झोलामा,
रुँदै आँधी खोलामा ।
यतै आउ मायालु, खरीख घाँस चरी,
ज्यान पातलु साटौँला ।
नकाराउ न हे न्याउली चरी,
तिमी भन्दा मै छु नि बैरागी ।
चौतारीमा मै बसे होला कि,

बरको डाली नुघेर छोला कि ।

यसै गरी यहाँका लोकगीतमा झरी-बतास, घाम-जून, ताल- पोखरी आदि विभिन्न प्राकृतिक शब्दहरू प्रयोग गरिएको हुन्छ ।

## ४.६ स्थानीयता

स्थानीय नामहरू समेटिएर गाइने यस्ता गीतहरूले यहाँका मानिसहरूमा लोकगीतप्रति अझै आकर्षित गर्न गर्छन् । यस्ता गतिहरू स्थानीय भाषिकामै जुराइएका हुन्छन् । केही उदाहरण :

मिर्मी मुनि काली थुनेको,
अन्तै माया लाइछ्यौ रे मायाले साँचै हो कि हल्ला सुनेको
छपक्कै जाल हाल्यो दाइले,
आँधीखोला माछा छ भनेर ।
जालको माछा, स्याङ्जाली नानी,
मिठो हुन्छ, खानि कि नखानि
आँधीखोला कुहिरो, हिउँचुलीमा झुल्के घाम,
हिंड सेन्दाइ लाहुर जाम ।
मस्याङको डाँडैमा, तालको पानी नालैमा,
पऱ्यौ कान्छी जालैमा ।
घर त मेरो छाडछाडदी, ससुराली चितौउन ।
तिम्ले र मैले लाएको माया, जिन्दगी बिताउन ।
बोलाए बोलूँ कि त्यसै लरी परुँ कि,
सधैं वालिम झरुँ कि ।
बलाम देवी थान
बेल्टारीमै फूलमै रानी, यो दुःखी जीवनलाई,
बिताइरहन पाम ।
छम र छम बजाम्ला भन्ते, पितले खाँकर ।
चरण गीत गाइदेउ न मया, छैन है जाँगर ।

चौरी गाई काँ झऱ्यो, माझै भीर मयालो ।-२

यी लोकगीतहरूमा यस क्षेत्रका विभिन्न स्थानहरू चिनाउने मिर्मी, मस्याङ, छाङछाङदी, वालिम, बलाम, आँधीखोला, बेलटारीजस्ता शब्दहरू परेका छन् । अर्कोतिर यहाँका स्थानीय बासिन्दाले बोल्ने गरेका स्थानीय शब्दहरू प्रयोग भएका छन् । जस्तै : वालिङ-वालिम, पाउँ-पाम, तिमीले-तिम्ले, बजाउँला-बजाम्ला, भन्थे-भन्तेँ ।

**४.७ रस-भाव**

रस बिनाको साहित्य वास्तविक साहित्य हरन सक्दैन । यस्तो साहित्यबाट मानिसलाई कुनै पनि आनन्दको प्राप्ति हुँदैन । लोकगीत पनि लोकसाहित्यकै एउटा विधा भएकोले रस-भावको आवश्यकता हुने गर्दछ । लोकगायकहरूमा यस्ता शास्त्रीय रस-भावको पूर्ण जानकारी नभए पनि गीतहरूमा यस्ता भावहरू सहज रूपमा आफैँ भित्रिएका हुन्छन् । यहाँका लोकगीतमा प्रायः सबैजसो भाव र रसका गीतहरू पाइन्छन् । त्यसो भए तापनि यस भेगका विशेष गरी करुण रस र शृङ्गार रसका गीतहरू अत्यधिक गाइन्छन् । शृङ्गार रसमा सम्भोग शृङ्गार र विप्रलम्भ दुवैको उपस्थिति देखिन्छ । केही नमुनाहरू :

रातो चोली घर माइत गर्दालाई,

काली गङ्गा विरह पर्दालाई ।

मनमा पीर परेको बेलीमा,

झर्छ खोला सक्तिन हेलिन ।

माथिका गीतमा आफ्नो पति तथा प्रेमीसँग बिछोडिएकी विरहीणीले आफ्नो पति तथा प्रेमी साथमा नहुँदा काली गङ्गामा आफ्नो हृदयलाई शान्त पार्ने हृदयलाई शान्त पार्ने भाव व्यक्त गरेकी छन् । यी गीतले श्रोतामा करुण रसको भाव सिञ्चित गर्दछन् । त्यसै गरी यस क्षेत्रमा अभिव्यक्त हुने शृङ्गार रसका गीतहरू यसप्रकार उल्लेख गर्न सकिन्छ ।

बैनी कति जाति, पानी माग्दा मोही दिनी,

एक्लै हुँदा सइँ दिनी ।

हुनी थियो भेट, बेंसी मकै छरे त,

आउनी जानी गरे त ।

अब वर्षा लाग्यो, पानी आउँछ रुझाउँछ,

यो मन कसको बुझाउँछ ।

माथिका गीतहरूमा शृङ्गार रसको भाव अभिव्यक्त भएको पाइन्छ । आफू एक्लो भएको बेलामा साथ दिने प्रेमिकालाई अत्यन्तै जाति मान्ने यस्ता गीतहरू विशेष गरी पुरुष वर्गले दोहोरीको रूपमा पनि गाउने गर्छन् । त्यसै गरी बेसीमा आउँदाजाँदा भेटघाट हुने गरेको प्रसङ्गलाई पनि यी गीतले अभिव्यक्त गरेका छन् । साथै आफ्नो मनलाई बुझाउनेका लागि प्रेमिकाको आशा गर्ने यस्ता गीतले जनमानसलाई अत्यन्तै प्रभावित पारेको देखिन्छ ।

### ४.८ आलङ्कारिकता

आलङ्कारको सामान्य अर्थ गहना हो । एउटी स्त्रीलाई आलङ्कारले झपक्क र सुन्दर बनाए झैं साहित्यमा पनि भषिक अलङ्कारले सुन्दर बनाउने काम गरेको हुन्छ । लोकगीतमा यस्ता अलङ्कारले अझै रसिकता थप्ने काम गरेको हुन्छ । यहाँका लोकगीतमा पनि यस्ता शब्द तथा अलङ्कारमा रूपक, उपमा, अतिशयोक्ति, उत्प्रेक्षा र अर्थान्तरन्यास जस्ता अलङ्कारको बाहुल्यता पाइन्छ । कतिपय गीतहरूमा शब्दाङ्कार र अर्थालङ्कार सँगैसँगै भएको पनि पाइन्छ । जस्तै :

उकाली ओराली, ज्यान सुकेर भैसक्यो मुरली,

रुम कि बसेर, मरम् कि झैं लाग्छ तालमा खसेर ।

धानको बाला, मकैको जमरा, तिमी फूल, म हुँला भमरा,

राम्दी माथि पुल, मायाको शिरैमा इन्द्रकमल फूल ।

माथिका पंक्तिहरूमा एकातिर बसेर-खसेर, जमरा-भमरा जस्ता अनुप्रासयुक्त शब्दहरूको प्रयोग भएको छ भने अर्कातिर पहिलो पंक्तिमा उपमेय शरीरमा उपमान मुरलीको आरोप गरिइको छ । ज्यान मुरली नै भयो भनिएको हुँदा यहाँ रुपक आलङ्कारको स्पष्ट झलक पाइन्छ । यस्ता आलङ्कारिक अभिव्यक्तिहरू यहाँका लोकगीतमा अनगिन्ती पाउन सकिन्छ । केही मात्र उदाहरणका लागि-

गाईले खाने आगोले खायो वन,

वनको न्याउली रुँदा झैं रुन्छ मन ।

मायासँग भेट हन्छ कैले कैं,

कागको फूल कोइलीले चोरे झैं ।

### ४.९ लय/भाका र तुकान्तता

लय वा भाका लोकगीतको प्राण हो । यो बिना लोकगीत जीवित रहन सक्दैन । लयकै कारण गीतमा सम्प्रेषणीयता उत्पन्न हुन्छ । जस्तोसुकै कठोर मनलाई पनि मधुर स्वरलहरीले सजिलै पगाल्न सक्छ । लोकगीतमा पनि यस्ता लयात्मक माधुर्यता पाउन सकिन्छ । यस्तै लयको जादुगरीले सबैलाई मोहित र रोमाञ्चित तुल्याएका हुन्छन् । जस्तै :

के फूल फूल्यो पारि भिरैमा

टपक्क टिपेर लाऊँ कि शिरैमा ।

कल्ले काटेको, पुगेन दाइ मलाई मनले आँटेको ।

माथिका गीतमा भिरैमा-शिरैमा, काटेको-आँटेको आदि तुकान्त शब्दहरूले लयलाई श्रुतिप्रिय बनाइदिएका छन् । कहिलेकाहीँ तुकान्तता मिलाउनको लागि अप्रासङ्गिक वाक्यको प्रयोग पनि गरिएको हुन्छ । जस्तै :

घर मेरो ले ले हो,

रुन्छ मन बुझाउनी के ले हो ।

माथि घर मेरो ले ले हो, तल्लो हरफसँग तुकान्त मिलाउनका लागि अप्रासङ्गिक रूपमा प्रयोग भएको छ ।

### ४.१० भाषिक स्वरूप

कुनै पनि भावनालाई मूर्तता प्रदान गर्नको लागि भाषाको आवश्यकता पर्दछ । लोक भावनालाई मूर्त रूप दिन पनि भाषा चाहिन्छ । लोकगीतले लोकजीवनको सहज अभिव्यक्ति दिने भएकोले यसको भाषाशैली पनि सहज, सरल र सरस हुने गर्दछ । स्याङ्जाली लोकगीतमा यहीँको स्थानीय भाषिक अभिव्यक्ति प्रबल पाइन्छ । तुकान्त मिलाउन भाषिक जटिलतालाई त्यागेर सरलता अपनाइएको हुन्छ । कतै-कतै स्थानीय भाषिकाको पनि प्रयोग देखिन्छ । गीतको लय मिलाउन जनजिब्रोले टिपेको शब्द र तदनुसारको उच्चारणमा गाइएको लोकगीतमा ध्वन्यात्मक अन्तर पाइन्छ । त्यसै गरी स्थानीय झर्रा शब्दको प्रयोग पनि प्रशस्तै पाइन्छ । जस्तै :

खट्टे खाने हो, ख्याल होइन मायालाई सत्ते लाने हो ।

मेरै कुरा काटी काटी आफै जाति हुनलाई,

तेरा पोइको फुन आइच ओइ आइज रुनलाई ।

त्यसै गरी लाहुरेहरूको बाहुल्य भएको समाजमा गाइने गीतहरूमा हिन्दी, भोजपुरी आदि भाषाको प्रयोग पनि पाइन्छ । जस्तै :

गाई मरे लेकिन बाघले खाला,

म मरे लेकिन यो जोवान काँ जाला ।

## ४.११ स्याङ्जाली लोकगीत अन्तर्गत मिर्मेली लोकगीत

नेपाली लोकगीतका क्षेत्रमा स्याङ्जा जिल्ला अत्यन्त उर्वर मानिन्छ । समग्र लोकजीवनको उकाली र ओराली, स'ख-द':खको हार्दिक उद्गार नै लोकगीत हो । यस क्षेत्रमा बसोबास गर्ने मानव जीवनका सङ्घर्षका विविध क्षणमा लोकगीतले जन्म लिन्छ र लयात्मक रूपमा उद्गार ह'न पाउँछ ।

स्याङ्जा जिल्लाको पश्चिम भेगमा पर्ने यस क्षेत्र अन्तर्गत बिर्घा, कृष्णगण्डकी त'ल्सीभञ्ज्याङ, माल'ङ्गा गा.वि.स. पर्दछन् । विभिन्न जातजातिको बसोबास भएको यस क्षेत्रलाई लोकसाहित्यको भण्डारै भने पनि ह'न्छ । दिनभरि मेलापात, दाउरा घाँस गरी थाकेको शरीरलाई चौतारीमा बिसाएर मनोरञ्जन लिने साधनका रूपमा लोकसाहित्यलाई प्रयोग गर्दछन् । क'नै पनि क'राको प्रसङ्गमा उखान, ट'क्का प्रयोगले उनीहरूका क'राहरू स'निरहँ' जस्तो लाग्दछ । गाउँघरमा ह'ने, प"जा-आजा (सत्यनारायण, स्वस्थानी, सप्ताह) आदिमा भजन किर्तनका अलावा य'वक य'वतीहरू दोहोरी गाएर मनोरञ्जन प्रदान गर्दछन् ।

ग'रुङ, मगरहरूको पनि घना बस्ती रहेको यस क्षेत्रमा सालैज्यो भाकाहरू ग'ञ्जने गर्दछन् । संस्कृतिको धनी यस क्षेत्रमा रोइला, च'ट्का, तीजगीत आदि प्रस्स्त गाइन्छन् र यसैगरी विवाह, ऋतवन्धनमा माँगल गाउने खाँडो जगाउने कार्य पनि गरिन्छ । त्यस्तै विभिन्न चाडपर्व आदिमा मालश्री, भैलो, देउसीरे, तीजगीत दोरी आदि पनि गाइन्छ ।

## ४.१२ नेपाली लोकगीतका क्षेत्रमा मिर्मेली लोकगीतको योगदान

हरेक मुलुकको आ-आफ्नै लोकसंस्कृति रहेको हुन्छ । हाम्रो देश नेपालमा पनि स्थान अनुसारका आआफ्नै लोकसंस्कृति रहेका छन् । नेपाली लोकसंस्कृतिका क्षेत्रमा जिल्लाको पङ्क्तिमा आउँछ । नेपाली लोकगीतका क्षेत्रमा महत्त्वपूर्ण स्थान ओगटेका सोरठी, घाटु, भ्याउरे, रोइला, चुट्का, ख्याली यसै क्षेत्रका प्रमुख गीतहरू हुन् । यस क्षेत्रका लोकगीतहरू रेडियो नेपाल तथा विभिन्न एफ.एम स्टेसनहरूबाट गुञ्जने गर्दछन् । यस क्षेत्रका प्रतिभाहरूमा- पुरुषोत्तम न्यौपाने, खुमन अधिकारी, डिल्लीनारायण पाण्डेय, बुद्धिसागर

बस्याल, दीपक भट्टराई, सन्तोष लम्साल, प्रेम लामिछाने मगर आदि रहेका छन् । यिनीहरू बाहेक पनि कतिपय बाहिर देखा नपरेका लोकप्रतिभाहरू पनि यस क्षेत्र रहेका छन् । यीमध्ये पुरुषोत्तम न्यौपाने सर्वाधिक चर्चामा रहेका छन् । त्यसैले यहाँ पुरुषोत्तम न्यौपानेको परिचय दिइएको छ ।

**पुरुषोत्तम न्यौपाने**

वि.सं. २०२९ साल भाद्र २५ गते स्याङ्जा जिल्लाको बलाम बेलटारीमा पिता शिवप्रसाद न्यौपाने तथा माता सीता न्यौपानेका सुपुत्रका रूपमा जन्मेका पुरुषोत्तम न्यौपाने आफ्नो सुमधुर स्वरलहरीका कारण कमै उमेरमा पनि धेरै जनताको हृदय जित्न सफल भएको पाइन्छ । उनले आफ्नो सुमधुर स्वर लहरीद्वारा  नेपाली साङ्गीतिक क्षेत्रमा आफ्नो वैशिष्ट्यता र लोकप्रियता स्थापित गर्दै आएका छन् । वि.सं. २०४६ सालमा रेडियो नेपालबाट स्वर परीक्षा उत्तीर्ण गरी गायन क्षेत्रमा प्रवेश गरेका न्यौपानेले विगत दुई दशकका बीच आफ्नो माधुर्यपूर्ण गला र कलाद्वारा अनेक गीतहरू गाई मिर्मी र स्याङ्जाको, त्यसमा पनि स्याङ्जाली लोकसंस्कृति र लोकधारालाई प्रभावकारी रूपमा जनसमुदायमा प्रवाहित गर्ने सफलता पाएका छन् । उनको रेडियो नेपालमा पहिलो पटक बजेको गीत यस्तो छ :

बलाम देवी थान,

बेलटारीमै फूलमै रानी यो दुःखी जीवनलाई बिताइ रहन पाम........

आफू जन्मेको बलाम बेलटारीकै परिवेशलाई गीतमा उनेर स्वरबद्ध गरिएको न्यौपानेको यस गीतले धेरै लोकगीत प्रेमीहरूको मनलाई छुने गरेको छ । लोकगीतका अतिरिक्त रेडियो नेपाल क्षेत्रीय प्रसारण केन्द्र पोखराका उद्घोषक समेत रहेका न्यौपानेको मीठो उद्घोषणबाट समेत मानिसहरू प्रभावित छन् । अत्यन्तै मीठो स्वरका धनी पुरुषोत्तम न्यौपानेका २५-३० लोक एलबमहरू प्रकाशित भइसकेका छन् । त्यसमध्ये 'फूलको वासना', 'श्रीखण्ड चन्दन', 'नीलो पछ्यौरी', 'चढौ केबुलकार', 'लाली फूल', 'बिरालो मुलुक', 'झिल झिल सितारा', 'हल्ला सुनेको', 'दिलको ढोका' आदि अत्यन्तै चर्चित एलबमहरू हुन् । आफ्ना गीतमा स्वरका अतिरिक्त शब्द चयनमा पनि उनी अत्यन्तै सफल मानिन्छन् । चुनी-चुनी कोमल र भावपूर्ण शब्द टिपेर लयबद्ध गर्ने उनका गीतहरू जतिसुकै सुने पनि झर्को नलाग्ने कालजयी बनेका छन् । एउटा उदाहरण :

केटा– आज मलाई के यस्तो पऱ्यो,

मन परेको डालीको फूल झऱ्यो ।

चिन्ता बढ्यो झन्, रोएको रोयै छ खुसी छैन मन । २

केटी– चैते हुरी काँबाट आयो,

हाँगो लाछ्यो फूल थुङ्गा चुँडायो ।

चिन्ता बढ्यो झन्, रोएको रोयै छ खुसी छैन मन । २

आफ्नो स्वर साधनाका क्रममा २०४७ सालमा रेडियो नेपालद्वारा आयोजना गरिएको अधिराज्यव्यापी लोकगीत प्रतियोगितामा तृतीय स्थान र दोहोरी लोकगीत प्रतियोगिताहरूमा धेरै पटक प्रथम र द्वितीय स्थान प्राप्त गर्दै वि.सं. २०४४ सालमा ‘फूलको वासना’, वि.सं. २०५५ सालमा ‘ऐना हेरेर’, अनि वि.सं. २०५६ सालमा ‘नीलो पछ्यौरी’ एलबमका निम्ति म्युजिक नेपाल एवार्डद्वारा समेत पुरुषोत्तम न्यौपाने सम्मानित भएका छन् । त्यसै गरी २०६० कार्तिक १८ गते गण्डकी सामाजिक गुठी काठमाडौँद्वारा स्याङ्जाको वालिङमा आयोजित भव्य समारोहमा यिनलाई दोसल्ला ओढाई फूलमाला र अविरले अभिनन्दन गरियो । स्याङ्जाली लोक गायकहरूमा यति छोटो समयमै सफलताको शिखर चुम्न सफल भई यसरी अभिनन्दित हुने अवसर पाएका न्यौपाने नै पहिला गायक हुन् । स्याङ्जाको मिर्मी जस्तो एक ग्रामीण इलाकामा जन्मिएर पनि आफ्नो अथक प्रयास एवम् विलक्षण स्वर प्रतिभाका कारण उनले भारत, पाकिस्तान, कतार आदि विभिन्न मुलुकको सांस्कृतिक भ्रमण गरेका छन् । आफ्ना सुमधुर गीत मार्फत यस क्षेत्रलाई चिनाउन यिनको ठूलो योगदान छ । रोइला, झ्याउरे, बाह्रमासे, दोहोरी आदि गीतहरू गाएर स्याङ्जाली लोकगीतको उचाइलाई अझ उच्च बनाउनमा पुरुषोत्तम न्यौपानेको उल्लेख्य योगदान रहेको छ ।

# अध्याय पाँच

# अध्ययनको निष्कर्ष

लोकगीतको अहिलेसम्मको अध्ययन र अनुसन्धानबाट स्याङ्जा क्षेत्र लोकगीतको भण्डारकै रूपमा रहेको पाइन्छ । ६० गा.वि.स. र दुईवटा नगरपालिका रहेको स्याङ्जा जिल्लाले राष्ट्रिय स्तरमै ख्याति प्राप्त लोककलाकारहरूलाई जन्माएको छ । स्याङ्जाको मिर्मी क्षेत्रमा बाहिर चर्चामा नआएका तर लोकगीतमा नै आफ्नो जीवन अर्पण गर्ने कलाकारहरू पनि रहेका छन् । यस क्षेत्रमा जीवन निर्वाहका हरेक क्रियाकलापमा गीत गाइन्छ । बालक रुँदादेखि लिएर मृत्युपछिका संस्कारहरूमा समेत लोकगीतले स्थान पाउने भएकोले लोकगीत यस क्षेत्रका केही लोकगायकको जीवनको मुख्य आधार हो । नेपाली लोकसाहित्यको अभिवृद्धिमा यस जिल्लाको योगदान उल्लेखनीय रहेको छ ।

विभिन्न जात-जातिका मानिसहरूको बसोबास रहेको यो क्षेत्र सांस्कृतिक विविधताले सम्पन्न क्षेत्र हो । जन्मदेखि मृत्युसम्मका विभिन्न संस्कारहरू हरेक जातिका आआफ्नै प्रकारका रहेका हुन्छन् । विशेष गरी मगर, गुरुङ समाजमा सांस्कृतिक पक्ष अझै सबल रहेको देखिन्छ । 'अनेकतामा एकता' भने झैं यस क्षेत्रका मानिसहरू एक अर्काका संस्कृतिसँग परिचित छन् । मर्दा-पर्दा एक अर्कालाई सहयोग गर्न उनीहरू कहिल्यै पछि पर्दैनन् । विवाह, व्रतबन्ध, पूजा-आजा, मेलापात, घाँस दाउराको क्रममा सँगसँगै हुन्छन् । यस क्षेत्रमा बाहुन क्षेत्री जातिसँग गुरुङ भाषा र मगर भाषा जस्ता भाषागत मिलन पनि भएको पाइन्छ । यसले गर्दा हरेक क्रियाकलापमा उनीहरूसँगै सहभागी हुने कुराको पुष्टि पनि हुन्छ । अधिकांश मानिसहरू कृषि पेसामा संलग्न रहे पनि नेपाल र विदेशमा जागिर खानेहरूको पनि कम्ती छैन । यस क्षेत्रमा यिनै परिस्थितिले जन्माएका गीतहरू नै अत्यधिक गाइन्छ । संस्कारगत र पर्वगीतहरू बाहेक धेरैजसो गीतहरू मायाप्रीतिमै आधारित देखिन्छन् । बाजागाजाको सहाराले गाउने र प्राकृतिक वस्तु, जस्तै पात बजाउँदै गाउने गीतहरूले पनि यस जिल्लामा मोहकता थपेका हुन्छन् ।

मिर्मेली लोकगीतको अध्ययनका क्रममा देखापरेको यस क्षेत्रको लोकगीतको प्रमुख विशेषता भनेको काव्यात्मकता हो । शिक्षा र सभ्यतामा पछि परे पनि यस क्षेत्रका लोकगायकहरूको अन्तर-हृदयबाटै काव्यात्मकता प्रस्फुटित भएको पाइन्छ । अनुप्रासयुक्त लयले यस क्षेत्रमा सबै रमाउँछन् । मनोरञ्जनको प्रमुख साधन यस क्षेत्रका जनताले लोकगीतलाई नै बनाएका छन् । विभिन्न प्रतियोगिताहरूमा आजभोलि पनि शैक्षिक जागरण, राजनैतिक चेतनाका आबाजहरू सुनिन्छन् तापनि ती गीतले परम्परागत धर्म भने छाडेका

छैनन् । परम्परागत भाषा, लय, शैलीलाई वर्तमानमा पनि यस क्षेत्रका गायक-गायिकाहरूले बचाइराखेका छन् ।

सङ्क्षेपमा भन्नुपर्दा परम्परागत श्रुति परम्परागत गीतहरूदेखि वर्तमान समयले जन्माएका समसामायिक परिस्थितिजन्य लोकगीतहरू पनि यस क्षेत्रका लोकगीत हुन् । सामूहिक रागमा अलापिने, बाजागाजाका साथ प्रस्तुत गरिने गीतहरूका अतिरिक्त वनपाखामा पात बजाउँदै र भीर पहरा थर्काउँदै, रन्काउँदै गाउने एकल गीतहरू सबैमा काव्यात्मकता पाइन्छ । भौगोलिक दृष्टिले, विकासका दृष्टिले अलि पछाडि नै देखिए पनि संस्कृति पक्ष अत्यन्तै विकसित देखिन्छ । भौतिक विकासले चेतनाको विकास त गराएको छ, साथै मौखिक लोकसाहित्य र लोकसंस्कृतिलाई भने त्यसले प्रतिकूल प्रभाव पनि पारेको देखिन्छ । फलस्वरूप मिर्मेली लोकगीतमा पनि कमी आउन थालेको पाइन्छ । यति सानो क्षेत्रमा पनि स्वरूप, प्रस्तुति, विषय, भाव, लय आदि विषयका विविधतायुक्त गीतहरू पाइनु यस क्षेत्रको लोकगीतको अत्यन्तै महत्त्वपूर्ण विशेषता हो । यिनै विशेषतायुक्त गीतहरूको कारण यस मिर्मी क्षेत्रलाई नेपाली लोकगीतको महत्त्वपूर्ण क्षेत्र मान्न सकिन्छ । नेपाली लोकगीतको फाँटमा यस क्षेत्रको उपलब्धि अत्यन्तै उल्लेखनीय र प्रशंसनीय रहेको छ ।

# सन्दर्भ–सामग्री सूची


अधिकारी, नारायणप्रसाद, २०४३ "**स्याङ्जाली लोकगीतको अध्ययन (ज्याग्दीखोलामा केन्द्रित)**", त्रि.वि. नेपाली विभाग कीर्तिपुर नेपाली विधागमा प्रस्तुत स्नातकोत्तर शोधपत्र (अप्र.) ।

अधिकारी, विश्वप्रेम, २०५७, **आँधीखोले लोकसंस्कृति र लोकगीत**, स्याङ्जा : विजयकुमार अधिकारी ।

अधिकारी, विश्वप्रेम, २०५८, **पश्चिमाञ्चलका लोकगीत र परम्परा,** स्याङ्जा : विजयकुमार अधिकारी ।

अधिकारी, विश्वप्रेम, २०५९, 'बारुलै गीतको भाका र यसको पृष्टभूमि', **सगुन त्रैमासिक**, वर्ष १, अङ्क २ ।

जोशी, सत्यमोहन, **लोकगीतको केही झल्का**, प्रगति,वर्ष ३, अङ्क २, पूर्णाङ्क १४ ।

त्रिपाठी, वासुदेव र अन्य, २०२१, बृहत् **शब्दकोश**, ने रा प्र प्र ।

थापा, धर्मराज, २०३०, **गण्डकीका सुसेली**, ने रा प्र प्र ।

थापा, धर्मराज र हंसपुरे सुवेदी, २०४१, **नेपाली लोकगीतको विवेचना**, पा.वि.के. त्रि.वि. ।

पन्त, दामोदर, "नेपाली लोकगीतको संवर्द्धनमा धर्मराज थापाको योगदान" स्नातकोत्तर शोधपत्र (अप्र.) ।

पन्त, कालीभक्त, २०२८, **हाम्रो सांस्कृतिक इतिहास**, लेखक स्वयम् ।

पराजुली, कृष्णप्रसाद, २०५७, **नेपाली लोकगीतको आलोक**, काठमाडौँ : वीणा प्रकाशन प्रा.लि. ।

पोखरेल, वालकृष्ण, २०२०, **पाँच सय वर्ष**, काठमाडौँ : जगदम्बा प्रकाशन ।

बन्धु चूडामणि, २०५८, **नेपाली लोकसाहित्य**, काठमाडौँ : एकता बुक्स, ।

लामिछाने, कपिलदेव, २०६४, लोकगाथाको अध्ययन, ललितपुर : साझा प्रकाशन ।

लामिछाने, कपिलदेव, २०६८, लोकगीतको अध्ययन, काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन ।

वनवासी, देवीप्रसाद, २०४३, **मसाने र उनको दोहोरी गीत**, विश्वसन्देश साप्ताहिक ।

वनवासी, देविप्रसाद, २०५५, **आँधीखोले लोकसंस्कृति**, स्याङ्जा : चित्रलेखा प्रकाशन ।

श्री ५ को सरकार, २०३१, **मेचीदेखि महाकालीसम्म, भाग ३,** काठमाडौं : सूचना विभाग ।

सम, बालकृष्ण, २०१०, 'एक नेपाली कवि', **डाँफेचरी**, रुख १, फूल २ ।

सापकोटा, महानन्द, २०२८, **नेपाली निर्वचनको रुपरेखा**, ? : हिमाली प्रकाशन ।

शर्मा, मोहनराज, खगेन्द्रप्रसाद लुइटेल, २०६३, **लोकवार्ता विज्ञान र लोकसाहित्य**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।